Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- २३, २०७८ साल पौष २० गते मंगलबार (Jan 4, 2021) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# स्थानीय निकायहरूमा संकट उत्पन्न

मोहन कार्की,

नेपालमा संघियता लागु भएको ५ बर्ष पुग्न लागेको छ । यतिबेला




स्थानीय निकायहरुमा निर्वाचित भएर आएका जन प्रतिनिधिहरु आफ्नो सकिन लागेको कार्यभारको समिक्षा गर्न केही लागेका भएपनि धेरैजति जोडघटाउमा लागेका देखिन्छन् ।

नेपालमा राजनीति नामको शक्ति नेपाल देश र नेपाली जनताको लागि आएको भान नेपालीहरुले गरेका छैनन् । तर राजनीतिक पार्टीवाट चुनाव जितेका प्रतिनिधिहरुले चुनाव जित्नको लागि गरेको अस्वभाविक खर्च र त्यो खर्च गरेको रकम ५ बर्षे कार्यकालमा उठ्यो की उठेन भनेर हिशाव किताव गर्न लागेको जस्तो देखिन्छ । आफ्नो कार्यकाल सकिन लाग्दा यदि त्यो हिशाव किताव नउठाउने हो भने आउदो २०७९ बैशाख १९ गते कार्यकाल सकिन्छ र त्यस पछि पार्टीले पुन: टिकट दिन्छ भन्ने निश्चित नभएको हुदा अहिले देखिनै देशभरका स्थानीय निकायका जनप्रतिनिधिहरु अत्तालिएर दौडिदा जन प्रतिनिधिहरुले नै गर्नुपर्ने सर्वसाधरणका काम भने प्रभावित हुन थालिसकेका छन् ।

यो तरिका हेर्दा नेपालको केन्द्रीकृत राज्य प्रणालीलाई बिकेन्द्रकृत बनायर जनताको सहज र पायक पर्ने ठाउमा सुविधा दिन परिकल्पना र उदेश्यले ल्यायको संघियता प्रभावकारी हुन सकेको देखिदैन ।

जुन उदेश्यले संघियताको परिकल्पना गरियको थियो त्यसलाई असफल बनाउन तिनै राजनीतिक दलका शुरुवाती काम गराइ नै बढी घातक भएको मान्न सकिन्छ ।

जनताको प्रतिनिधित्व गर्न जनताले मन पराएको जनताको रोजाईमा परेको ब्याक्ति भन्दा राजनीतिक पार्टीले छानेर पठाएको र धन, डन, गन,सवै प्रयोग गरेर जसरी हुन्छ चुनाव जित्न सक्ने चुनावमा पार्टीको शक्तिशाली नेतालाई नै प्रभावित पारेर टिकट किन्न सक्ने र जितिसके

बाँकी ६ पृष्ठमा

# पुस २७ गतेलाई राष्ट्रिय दिवस मनाउन माग

काठमाडौं । राष्ट्रिय एकता परिषद्ले राष्ट्र निर्माता पृथ्वी नारायण शाहको ३००औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसको दिन सार्वजनिक विदा दिन माग गरिएको छ । रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरेर परिषद्ले राष्ट्रिय एकता दिवसको रुपमा उक्त दिन सार्वजनिक बिदा दिन माग गरेको हो । पूर्वमन्त्री कुमार वेलवासेले सबै नेपाली पृथ्वीनारायण शाह प्रति ऋणी भएको बताए । उनले भने, 'पृथ्वीनारायण शाह प्रति सबै नेपाली छौं । नेकपा मालेको विश्लेषण पनि यही हो ।' वेलवासेले अंग्रेजको नेपाल जस्तो अनुकुल राज्यलाई कब्जा गर्ने उद्देश्यलाई पृथ्वी नारायण शाहले पुरा गर्न नदिएको बताए । पृथ्वीनारायण शाहले नेपालको राज्यलाई एकिकरण गरेर आज हामीले एउटा सिंगो देश पाएको पनि उनले सुनाए । 'यो सार्वभौम सम्पन्न देश नेपाल हो, नेपाली जनताको उन्नती सुख र समृद्धी, सिंगो नेपालको उन्नतीको लागि विकास गरिदिने पृथ्वीनारायण शाह प्रति सबै नेपाली आभारी हुनु पर्छ,' उनले भने । पृथ्वीनारायण शाहले एकीकरण गरेकै कारण आज नेपालमा पर्यटनको क्षेत्रमा पनि सम्भावना बढेको उनको भनाई थियो । आफ्नो पार्टी मालेले बडामहाराज पृथ्वी नारायण शाहको जन्म भएको दिन पुस २७ गतेलाई राष्ट्रिय दिवस दिन घोषणा गर्नुपर्ने बताउदै आएको सुनाए । उनले भने, 'आज देशको स्थिति डामाडोल छ । हरेक धार्मीक, जातिय, राजीतिक अवस्था अस्तव्यस्त भएका छन् ।' सरकारले सार्वजनिक बिदा दिएर पृथ्वी नारायण शाहप्रतिको आफ्नो कतर्व्य पुरा गर्नु पर्ने उनको भनाई थियो । राष्ट्रिय एकताको लागि अब सबै राष्ट्रवादी शक्तिहरु एक भएर देश बनाउनुपर्ने दिन आएको उनले बताए । पूर्वमन्त्री मोदनाथ प्रश्रितले अनेक जातजातिमा बाँडिएका देश नेपाललाई एकिकृत गरेर पृथ्वीनारायण शाहले पुर्व देखि पश्चिमसम्म चट्ट मिलेको देश निर्माण गरेको बताए । धेरै टाकुराले बनेको देश नेपाल हो भन्दै आफुले पाएको एउटा टाकुराको जिम्मेवारीले पनि पृथ्वीनारायण शाहले सिंगो देश बनाएर नेपाली जनतालाई गुण लगाएको बताए । एकीकरणको नायक राजानै भएको उनको भनाई थियो । अब सबैलाई समेटेर लैजानपर्ने विशेष दुरदर्शीता भएको नेताको आवश्यकता रहेको उनले औल्याए । पृथ्वीनारायण शाहको गुणलाई नेपालीले जति नै चर्चा गरेपनि नपुग्ने भन्दै

बाँकी ६ पृष्ठमा

# कांग्रेस कोषाध्यक्षमा कसले मार्ला बाजी ?

काठमाडौं । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले छिट्टै कोषाध्यक्ष र प्रवक्ता नियुक्त गर्नेगरि तयारी थालेका छन् । हिजोमात्रै उनले रामचन्द्र पौडेल, कृष्णप्रसाद



सिटौलासहित १० जना नेताहरुलाई केन्द्रीय सदस्यमा मनोनित गरिसकेका छन् ।

अब उनले छिट्टै कोषाध्यक्ष नियुक्त गर्ने बुझिएको छ। योसँगै अब कांग्रेसको कोषाध्यक्ष को बन्छ ? भनेर चर्चा पनि सुरु भएको छ ।

उता, कोषाध्यक्षको लागि नेताहरुको पनि दौडधुप सुरु भएको छ । खासगरी यसपटक पदाधिकारीमा आउन चाहेका देउवाका विश्वासिला नेता ज्ञानेन्द्र बहादुर कार्की केन्द्रीय सदस्यमा नै सिमित भएका छन् ।

उनले आफू कोषाध्यक्षमा आउन चाहेको सन्देश प्रधानमन्त्री एवम् पार्टी सभापति देउवासमक्ष पुर्याईसकेका छन् । उनी अहिले देउवा सरकारको प्रवक्तासमेत हुन् । कार्कीले अहिले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको नेतृत्व सम्हालेका छन् । कोषाध्यक्ष पदाधिकारीभित्र पर्ने पद हो। त्यसैले यसमा नेताहरुको दाबी हुनु स्वभाविक हो ।

अहिले कार्कीसँगै केन्द्रीय सदस्यमा निर्वाचित विनोद चौधरीको पनि नाम चर्चामा छ । युवा नेताहरुले समेत चौधरीलाई कोषाध्यक्ष बनाउँदा कांग्रेसलाई फाईदा हुने बताउँदै नेतृत्वलाई दबाब दिईरहेका छन् । देउवाले पनि चौधरीलाई नै उक्त जिम्मेवारी दिनेगरि छलफल गरेको स्रोतको दाबी छ । तर, कार्की र चौधरीले आ-आफ्नो दाबी नछोडे देउवाले उमेश श्रेष्ठलाई पनि उक्त जिम्मेवारी दिनसक्ने कतिपयको भनाई छ ।

उता, महिला नेतृहरु पुष्पा भुसाल, डा. डिला संग्रौला र अम्बिका बस्नेत पनि कोषाध्यक्षको रेसमा रहेको चर्चा छ ।

यसअघि पनि चित्रलेखा यादव र सीतादेवी यादवले कोषाध्यक्षको रुपमा सफल रुपमा आफ्नो भूमिका निर्वाह गरिसकेका छन् ।


# माओवादीका २३६ केन्द्रीय समिति घोषणा (सूचीसहित)

काठमाडौं । नेकपा माओवादी केन्द्रले तीन आयोगको नेतृत्व टुंगाएको छ । प्रज्ञाभवन कमलादीमा जारी आठौं राष्ट्रिय महाधिवेशनले अनुशासन, लेखा र निर्वाचन आयोगका प्रमुख टुंगो लगाएको हो ।

अनुशासन आयोगका अध्यक्ष टंक राई, लेखा आयोगका पेशल खतिवडा र निर्वाचन आयोगका अध्यक्षमा बिष्णु पुकार चयन भएका छन् । राई, खतिवडा र पुकार यसअघि पनि अध्यक्ष नै थिए । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले २३६ जना केन्द्रीय सदस्य घोषणा गरेका छन् । उनले आज बन्दसत्रमा उनीहरुको नाम घोषणा गरेका हुन् । २९९ केन्द्रीय सदस्यको व्यवस्था रहेको माओवादीमा ६३ जना थप्न बाँकी रहेको माओवादीले जनाएको छ । जसमध्ये समानुपातिकतर्फ २९ र खुलातर्फ ३४ रहने जनाइएको छ । अहिले १२५ समानुपातिक र १११ जना खुलातर्फबाट चयन भएको उल्लेख छ । नेकपा माओवादी केन्द्रको आठौं महाधिवेशनले २३६ केन्द्रीय सदस्य घोषणा गर्दा कतिपय एउटै परिवारका छन् । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको परिवारबाट ४ जना केन्द्रीय सदस्य चयन भएका छन् ।

प्रचण्डको नाम खुल्लातर्फको २३औं नम्बरमा केन्द्रीय सदस्य घोषणा भएको छ । उनका भाई नारायण दाहालको नाम खसआर्यतर्फको पहिलो नम्बरमा छ । प्रचण्डकी छोरी रेनु दाहालको नाम खसआर्य महिलातर्फमा छ । उनी

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# मरुभूमिमा पानी खोजे जस्तै दलभित्रबाट देश विकास खोज्नु

नेपालको राजनीतिक पार्टीहरुले देश विकासको कुरा गरेको त बेला बखतमा सुनिएकै छ । तर ब्यवहारमा हेर्ने हो भने नेपालमा प्रजातन्त्र स्थापना भएको पनि ७१ बर्ष भई सकेको छ । त्यसै गरी २०४७ सालमा बनेको नयाँ संविधानको प्रयोग गरेर बनेको अवस्थाको नयाँ रुपसम्म आइपुग्दा २१ बर्ष र गणतन्त्र स्थापना भएको १५ बर्षमा नेपालको अवस्था हेर्ने हो भने देश विकासको लागि राजनीतिक पार्टीहरुले काम गरेको देखिदैन ।

उनीहरुले राजनीतिक पार्टीको सभा, भेला, जुलुस, नारा, बिरोध गर्ने ठाउँहरुमा सहभागी हुन जनतालाई आवाहन गरेका छन् । त्यस्ता भेला, जुलुस, नारा लगाउने र पार्टीको कार्यक्रममा हजारौ लाखौ मानिसहरु भेला पनि भएका छन् । त्यस्ता कार्यक्रमको ब्यवस्थापन गर्न उनिहरुलाई समस्या पनि छैन । त्यसको स्रोत खुलाएका पनि छैनन् । त्यस्ता खालका स्रोत खुलाउन जनताले दवाव नदिएर पनि होला । नेपालका नेपाली जनतालाई आफ्नै देशभित्र रोजगार सृर्जना गर्ने उधोग, कलकारखाना, ब्यापारिक केन्द्र स्थापना गर्न छलफल नेपालमा कसै कुनै पार्टीले गरेको देखिएको छैन ।

त्यो नहुनुको कारण नै नेपालका राजनीतिक पार्टीहरु नेपालका जनताहरुवाट चल्दैनन् भन्ने खालका भानहरु हुनेगरी बेला बलामा राजनीतिक पार्टीहरुको गतिविधि अप्रत्यशित फेरवदल हुने र नेपाली जनताको चाहाना, सोचाई, बुझाई भन्दा फरक ढंङगवाट हुने गरेको हुनाले नेपालका राजनीतिक पार्टीहरु अन्तै कतैवाट सञ्चालित भएर नेपालमा नेपाली कै बिरुद्ध प्रयोग भएको जस्तो भान हुदै आएको छ ।

यस्ता क्रियाकलापले गर्दा नेपालको विकास हुन नसकेको सहजै अनुमान लगाउन सकिन्छ । आफै त अर्काको निर्देशनमा चल्ने नेपालका राजनीतिक पार्टीहरुले देशको विकास गर्छन भनेर पत्याउनु मरुभुमिमा पानी खोज्नु जस्तै हो ।

त्यसैले वेलैमा नेपाली जनताको चेतनामा चेत खुल्ने गरी बाढी आउनुपर्छ ।

जसले यस्ता नेपाल देश र नेपाली जनताको बीचमा कसिंङगरको रुपमा रहेका राजनीतिक दलहरुलाई बाढीले सफा गर्न ढिला गर्नु हुदैन । तवमात्र देशले खोजेको परिवर्तन विकास गर्न सहज हुन्छ होला ।

# नेपालमा राज्य दोहन र सुविधा लिनेको इतिहास

**राजकुमार सिवाकोटी**

नेपालमा राज्य दोहन र सुविधा लिनेको इतिहास कहालिलाग्दो छ । राणा शासनमा श्री ३ महाराजले असीमित शक्ति पाएपछि यो व्यापक भयो । २००७ सालमा प्रजातन्त्र आए पनि यसले छोडेन । पञ्चायतकालमा शक्ति केन्द्रले सुविधा लिन्थे । २०४६ र २०६२/६३ को लोकतान्त्रिक परिवर्तनपछि यसले अझ बढी संस्थागत रूप लिँदै आयो । नेपालका राजनेताले राज्यको र निजी सम्पत्तिमा भिन्नता देखेनन् । राजनीति विज्ञानका हस्ती प्लेटो र एरिस्टोटलले राज्यका अगाडि व्यक्तिको महत्व हुँदैन भन्थे । उनीहरूको विश्वास थियो, व्यक्तिले कुनै पनि स्वार्थबिना राज्य गर्छ । जनताको आदेशलाई पालना गर्छ । निष्ठासाथ आफूलाई राज्यसमक्ष समर्पित गर्छ । त्यो नै उसको वास्तविक जीवन हो र जीवनको सार्थकता पनि यसैमा छ तर आज यो सत्यको कसीमा नेपालका विशिष्ट पदाधिकारीको नियत परीक्षण गर्दा उत्तीर्ण हुने ठाउँ छैन । नेपालमा राज्य दोहनबाट सुविधा लिने शीर्ष नेता र विशिष्ट धेरै छन् । राज्यको वागडोर सम्हाल्ने नेता र विशिष्टहरूमा राज्य भनेको आफ्नै मात्र हो भन्ने मनोविज्ञान हावी छ ।

नेपाल राज्यमा नागरिकले तिरेको करमा सीमित व्यक्तिले भोगविलास गर्ने कार्य अनन्त छ । यो घृणित प्रयास लोकतान्त्रिक आदर्श, मूल्य, मान्यता र आचरणप्रतिको खरो प्रहार हो । सुविधा दिने र लिनको संयोगबीच स्वार्थ र पदको राजनीतिक मनोविज्ञान हावी छ । यो नेपालको दशकौँ लामो राजनीतिक इतिहासमा सत्ताको दाउपेचको पासा बनेर रहेको छ । राज्य र राजनीतिबाट यसले नागरिकलाई अलग गर्दै छ । भोगविलास र सम्पत्तिमाथिको एकाधिकारलाई अन्त्य गर्ने मार्क्सको द्वन्द्वात्मक भौतिकवादबाट दीक्षित भएकाहरूले राजकीय सुविधा प्रयोग गर्दै करोडौँको औषध उपचार खर्च लिएका छन् । केपी शर्मा ओली र झलनाथ खनालले उपचारमा राज्यबाटै सहयोग लिनुभयो । यसमा तजबिजी अधिकारको प्रयोग भयो ।

हेगेलले राज्य भनेको ईश्वरको चाहना हो. व्यक्तिले राज्यप्रति सचेत भएर वा नभई आज्ञाकारी हुनु नै स्वतन्त्रता हो भन्नुभएको थियो । यसको विपक्षमा खरो रूपमा उभिएर केन्द्रीकृत पुँजी र पुँजीमाथिको एकल स्वामित्वको अन्त्य तथा सामूहिक स्वामित्वको प्रवर्द्धनका लागि मार्क्सले पुँजी साहित्यको रचना गर्नुभयो । त्यही रचनालाई आज अर्थ व्यवस्थापनको गीताका रूपमा लिइन्छ । संसारका धेरै मुलुकले आफूलाई मार्क्सवादी नभने पनि व्यवहारमा यसलाई प्रयोग गर्दै आएका छन् र प्रधानमन्त्री, गृहमन्त्री, सभामुख, प्रधानन्यायाधीश हुँदैमा राज्यबाट आजीवन अकूत सम्पत्तिको दुरुपयोग गरेर सुविधा लिने विषयलाई ज्यान मार्नेभन्दा जघन्य अपराधको कोटीमा राखेर तिरस्कार गरेका छन् तर नेपालमा भने न्यायकर्ताको उत्तम नमुना बनेका वा संसद्भित्र सभामुखको राम्रो

नेपाल राज्यमा नागरिकले तिरेको करमा सीमित ब्यक्तिले भोगविलास गर्ने कार्य अनन्त छ । यो घृणित प्रयास लोकतान्त्रिक आदर्श, मूल्य, मान्यता र आचरणप्रतिको खरो प्रहार हो । सुविधा दिने र लिनको संयोगबीच स्वार्थ र पदको राजनीतिक मनोविज्ञान हावी छ । यो नेपालको दशकौँ लामो राजनीतिक इतिहासमा सत्ताको दाउपेचको पासा बनेर रहेको छ । राज्य र राजनीतिबाट यसले नागरिकलाई अलग गर्दै छ । भोगविलास र सम्पत्तिमाथिको एकाधिकारलाई अन्त्य गर्ने मार्क्सको द्वन्द्वात्मक भौतिकवादबाट दीक्षित भएकाहरूले राजकीय सुविधा प्रयोग गर्दै करोडौँको औषध उपचार खर्च लिएका छन् । केपी शर्मा ओली र झलनाथ खनालले उपचारमा राज्यबाटै सहयोग लिनुभयो । यसमा तजबिजी अधिकारको प्रयोग भयो । हेगेलले राज्य भनेको ईश्वरको चाहना हो. ब्यक्तिले राज्यप्रति सचेत भएर वा नभई आज्ञाकारी हुनु नै स्वतन्त्रता हो भन्नुभएको थियो । यसको विपक्षमा खरो रूपमा उभिएर केन्□ीकृत पुँजी र पुँजीमाथिको एकल स्वामित्वको अन्त्य तथा सामूहिक स्वामित्वको प्रवर्द्धनका लागि मार्क्सले पुँजी साहित्यको रचना गर्नुभयो । त्यही रचनालाई आज अर्थ ब्यवस्थापनको गीताका रूपमा लिइन्छ । संसारका धेरै मुलुकले आफूलाई मार्क्सवादी नभने पनि ब्यवहारमा यसलाई प्रयोग गर्दै आएका छन् र प्रधानमन्त्री, गृहमन्त्री, सभामुख, प्रधानन्यायाधीश हुँदैमा राज्यबाट आजीवन अकूत सम्पत्तिको दुरुपयोग गरेर सुविधा लिने विषयलाई ज्यान मार्नेभन्दा जघन्य अपराधको कोटीमा राखेर तिरस्कार गरेका छन् तर नेपालमा भने न्यायकर्ताको उत्तम नमुना बनेका वा संसद्भित्र सभामुखको राम्रो भूमिका निर्वाह गरेर उदाहरण बनेकाहरूले समेत सुविधालाई इन्कार गर्न सकेनन् । अरूको कथा त के नेपालमा सुविधा लिनेको सूचीमा नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव पनि पर्नुभयो । राज्य भनेको वर्गीय चरित्रको हुन्छ र पुँजीवादले पनि शासन गर्दा सर्वसत्तावाद चलाएर आएको हुन्छ अनि समाजवादमा पनि आ□नो लक्ष्य पूरा गर्न सर्वहारा वर्गको तानासाही चल्दछ भनेर कार्लमार्क्सले भन्नुभएको थियो । राज्यलाई साध्य, ब्यक्तिलाई साधन मान्ने प्लेटोदेखि हेगेल हुँदै सबै मार्क्सवादी सर्वसत्तावादलाई विश्वास गर्छन् । त्यसैले हाम्रा मार्क्सका अनुयायीहरूले पनि सत्ता लम्ब्याउने र सर्वसत्तावादको अभिष्टलाई प्रकारान्तरमा वैतरणी तार्ने सपना देखेर यो सेवा सुविधाको पासा हिजो फ्याँके । किनभने यहाँ ब्यक्तिको स्वतन्त्रता राज्यमा निहित हुन्छ र राज्यको स्वतन्त्रता, स्वार्थ, लक्ष्य नै ब्यक्तिको स्वतन्त्रता, स्वार्थ र लक्ष्य हो ।

भूमिका निर्वाह गरेर उदाहरण बनेकाहरूले समेत सुविधालाई इन्कार गर्न सकेनन् ।

अरूको कथा त के नेपालमा सुविधा लिनेको सूचीमा नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव पनि पर्नुभयो । राज्य भनेको वर्गीय चरित्रको हुन्छ र पुँजीवादले पनि शासन गर्दा सर्वसत्तावाद चलाएर आएको हुन्छ अनि समाज वादमा पनि आफ्नो लक्ष्य पूरा गर्न 'सर्वहारा वर्गको तानासाही' चल्दछ भनेर कार्लमार्क्सले भन्नुभएको थियो । राज्यलाई साध्य, व्यक्तिलाई साधन मान्ने प्लेटोदेखि हेगेल हुँदै सबै मार्क्सवादी सर्वसत्तावादलाई विश्वास गर्छन् । त्यसैले हाम्रा मार्क्सका अनुयायीहरूले पनि सत्ता लम्ब्याउने र सर्वसत्तावादको अभिष्टलाई प्रकारान्तरमा वैतरणी तार्ने सपना देखेर यो सेवा सुविधाको पासा हिजो फ्याँके । किनभने यहाँ व्यक्तिको स्वतन्त्रता राज्यमा निहित हुन्छ र राज्यको स्वतन्त्रता, स्वार्थ, लक्ष्य नै व्यक्तिको स्वतन्त्रता, स्वार्थ र लक्ष्य हो । यसलाई छुट्याउन मिल्दैन, व्यक्तिको स्वार्थले राज्य र नागरिकमाथि भार थप्नु भनेको स्वयंमा नागरिक र राज्यकै अपमान र विनाशतर्फको कदम हो भन्ने आदर्शलाई आज निमोठिएको छ । सर्वहारा वर्गको उत्थानमा विश्वास गर्ने वामपन्थीजन, सरकार हाँक्ने वर्ग वा प्रमुख राजनीतिक दलहरू नै भोगविलासको द्योतक भएको व्यवहारतः देखिँदै छ । सेवा सुविधा दिने र लिने सिलसिला हेर्द द इमेरल्ड ट्याब्लेटले ईशापूर्व तीन हजार वर्षपहिले भनेको एक सुक्ति 'जस्तो माथि त्यस्तै तल, जस्तो भित्र त्यस्तै बाहिर' हाम्रा राजनीतिक दलका नेता र कार्यकर्ताको चरित्र विम्ब सत्य हो ।

वास्तवमा सुविधा दिने कुचेष्टा र एकदलीय तानासाही व्यवस्थाबीच कुनै तात्विक भिन्नता छैन । नागरिकको गाँस काटेर भोकानाङ्गालाई आँखाकै अगाडि मृत्युको मुखमा धकेलेर सुविधा भोग गर्नेहरू नाजी र फासिष्टपनलाई बिर्साउने पात्र हुन् । यज्ञवल्क्यले आजभन्दा तीन हजार वर्षअगाडि नै फोकटमा अर्काको नखानु भन्ने सुक्तिले पूर्वीय समाजलाई दीक्षित गर्नुभएको थियो । आम मान्यता फोकटमा अर्काको खायो भने मोक्षको बाटो रोकिन्छ र त्यसको मूल्य यमराजले ठूला कराईमा उमालेको तेलमा चोबलेर चुकाउँछन् भन्ने विश्वास अहिले पनि जीवितै छ । सुविधा लिने प्रकरणमा जोडिएका कथित सबै विशिष्टलाई यी आदर्शले कुनै प्रभाव पारेको छैन भन्ने अहिलेको व्यवहारले देखाउँदै छ ।

नेपाली नागरिकको जनजीविका र आर्थिक प्रगतिको मुद्दामा एक हुन नसक्ने लोभीपापी मानसिकताका राजनेताहरू आफ्नो स्वार्थका लागि रातारात मुख मिलाउँछन् । सुविधाभोगी सम्झौताको परिणाम राजनीतिक निर्णय गरेर नेपाली नानीको मुखको जीवनजल र सिटामोल खोस्छन् । यो बहादुरीप्रति हामीले जति खेद प्रकट गरे पनि पर्याप्त हुँदैन । दुर्भाग्य, हाम्रा राजनेताहरूका लागि राज्य र व्यक्तिको सम्बन्ध नैतिक प्राणीको अवधारणा सङ्गत रहेन । नागरिक र राज्यका अगाडि कुनै विशिष्ट व्यक्ति वा पूर्वप्रधानमन्त्रीले औषध उपचारको र अन्य सुविधा पाउनु महापाप हो । यहाँ त स्वार्थ र सुविधा भोग गर्ने सवालमा सबैको गठबन्धन बलियो बन्छ ।

दरिद्रता र कर्कलाको पातको पानीको फोकाझैँ ढिल्मिलाइरहेको हाम्रो यथार्थ धरातलमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवधारणीकरणतर्फ फर्कन यो आलोक विवश भएको छ । ग्रिक दार्शनिक पेरीकल्सले लोकतन्त्रको व्याख्या गर्दै भनेका थिए, हाम्रो संविधानलाई लोकतन्त्र भनिन्छ किनभने शक्ति थोरैको हातमा नभई बहुसङ्ख्यकको हातमा रहन्छ र लोकतन्त्रका विशेषताहरूमा- 'जनताको सहभागिता', 'कानुनको अगाडि सबै समान', 'सबै दृष्टिकोणलाई सम्मान गर्ने बहुलवाद' र 'व्यक्तिको व्यक्तित्वको प्राप्ति र अभिव्यक्ति परिवेशलाई सम्मान गर्ने व्यक्तिवाद' हो भने । यस्ता उपदेशको महत्व हाम्रा राजनेताका लागि दन्त्य कथा जति पनि छैन । दुर्भाग्य, यो देशमा प्रक्रिया र प्रणालीको सुरुवात गराउने महापुरुष यो शताब्दीका नागरिकले नदेख्ने भए । लोकतन्त्रका मुख्य अभिकर्ता राजनीतिक दलका नेताहरू नै असक्षम र नैतिकहीन भएपछि सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको भविष्य र नेपाली नागरिकको आर्थिक प्रगतिको सपना कसरी सार्थक हुन्छ ? अविछिन्न बहसको विषय बनेको छ ।

पेरीकल्सको कथनलाई आजको गौरवमय विजयको गाथासँग तुलना गरेर हेर्छु, फेद र टुप्पो न त आशय कुनै केही पनि मिल्दैन । भीरको चिचिण्डो उँधो न उँभोको स्थितिमा पुर्‍याउने हाम्रा नेतालाई आजीवन सत्यको अनुभूति हुन नसक्ने यस परिस्थितिमा नेपाली समाजले मूलधारको राजनीतिको विकल्प खोज्न नसक्दा अझै हाम्रो भविष्य अन्धकारमा नै गुज्रने निश्चित छ ।

नेपालको लोकतान्त्रिक इतिहासमा यस क्षम्य गर्न नसकिने परिदृश्यलाई अन्त्य गर्न आम नागरिक एक हुनैपर्छ । नागरिक तहबाट राजनीतिक सस्कारको स्थापना, नैतिकवान र दूरदृष्टि राख्ने राजनीतिक नेताको खोजी र नेपालीको जीवनस्तर उकास्न सशक्त अभियान सञ्चालन गर्नु अहिलेको समयको माग हो । नागरिक देशप्रतिको ठूलो उत्तरदायित्व र जवाफदेहिताले मात्र मुलुकले गति लिन्छ । जय हुनुपर्छ सबै नेपालीको । राजनीतिक विकल्पको अभियान सुरु गरौं ।

गोरखापत्र

# शाखा अधिकृतको विज्ञापन रोक्न उच्च अदालतको अन्तरिम आदेश

काठमाडौं । लोकसेवा आयोगले यस वर्ष प्रकाशन गरेको शाखा अधिकृतको विज्ञापन अघि नबढाउन उच्च अदालतले अन्तरिम आदेश दिएको छ । लोकसेवा आयोगले २०७६ सालमा गरेको विज्ञापनअनुसार परीक्षामा सहभागी भई अन्तिम सिफारिसको नतिजा पर्खेर बसेका परीक्षार्थीले दिएको रिटमाथि सुनुवाई गर्दै उच्च अदालत पाटनले २०७८ सालमा गरेको शाखा अधिकृतको विज्ञापन रोक्न अन्तरिम आदेश दिएको हो । न्यायाधीश डा. खुशीप्रसाद थारु र नवराज थपलियाको संयुक्त इजलासले अघिल्लो वर्ष गरेको परीक्षाको नतिजा प्रकाशन नगरी नयाँ विज्ञापन गर्दा निजामती सेवा ऐन अनुसार पदसंख्या यकीन नहुने भन्दै हाललाई विज्ञापन यथास्थितिमा राख्न आदेश दिएको हो ।

अदालतको आदेशमा भनिएको छ 'निवेदकहरु सम्मिलित रहेको लोकसेवा आयोगको मिति २०७६/०८/२५ को विज्ञापन बमोजिम अन्तिम नतिजा र योग्यताक्रम प्रकाशित नहुँदै मिति २०७८/०८/२९ मा लोकसेवा आयोगबाट प्रकाशित सूचना नं ४१८/०७८(०७९ र सूचना नम्बर ४१९/०७८(०७९ अन्तर्गत समान तहका पदहरुको विज्ञापन भएको देखिँदा निजामती सेवा ऐन २०४९ को दफा ७ को उपदफा (७) र (१०) बमोजिम यकीन हुनुपर्ने पदसंख्या समेतका आधारमा रिट निवेदनको अन्तिम किनारा हुँदाका बखत ठहरे बमोजिम नै हुँदा हाल निवेदकहरुलाई पर्न जाने अपुरणीय क्षति र सुविधा सन्तुलन समेतलाई विचार गरी मिति २०७८/०८/२९ मा विपक्षी लोकसेवा आयोगबाट प्रकाशित सूचना नम्बर ४१८/०७८(०७९ र ४१९/०७८(७९ को विज्ञापन बमोजिम काम अघि नबढाई यथास्थितिमा राख्नु भनी यस अदालतबाट मिति २०७८/०९/१३ मा भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ ।

२०७६ र २०७७ सालमा लोकसेवा आयोगले गरेको शाखा अधिकृत तहको परीक्षाको अहिलेसम्म नतिजा सार्वजनिक गरेको छैन ।

स्थानीय तह र प्रदेशमा समायोजन भएका शाखा अधिकृतले दिएको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले ती शाखा अधिकृतलाई संघीय निजामती सेवामा समायोजन गर्न आदेश दिएको थियो । सर्वोच्चको यही आदेशका कारण लोकसेवा आयोगले २०७६ र २०७७ सालमा गरेको शाखा अधिकृतको परीक्षाको नतिजा सार्वजनिक गरेको छैन ।

# संघीयता जोगाउने चुनौती

हरि अधिकारी

देशका विभिन्न भू-भागमा बसोबास गर्ने जनतालाई निर्णय प्रक्रियामा समान रूपले सहभागी बनाउने उद्देश्य राखी अङ्गीकार गरिएको सङ्घीय प्रणाली लागू भएको पाँच वर्ष नपुग्दै समस्याग्रस्त बन्न पुगेको छ। अहिले आएर देशमा सङ्गठित सातवटा सङ्घीय संयन्त्रले जुन ढङ्गमा काम गरिरहेका छन्, तिनीहरूको गतिविधि देख्दा कुनै पनि संवेदनशील नेपालीको मनमा गहिरो निराशा उत्पन्न हुन सक्छ। ती प्रदेशहरू आफ्नो साङ्गठनिक संरचनालाई जनताका आशा-अपेक्षाको व्यवस्थापन गर्न तत्पर र सक्षम संस्थाका रूपमा स्थापित गर्न सफल देखिन सकेका छैनन्। त्यति मात्र होइन, हाम्रा यी सातवटै प्रदेशको कार्यशैली र कार्यसम्पादन स्तर हेर्दा यिनीहरूबाट सर्वसाधारण जनताको हक र हितको संरक्षणमा कुनै सकारात्मक योगदान हुनेछ भन्नेमा विश्वास गर्न यतिबेला निकै कठिन भएको छ। देशमा सुशासन कायम गर्दै विकास निर्माणका कामलाई द्रुतगतिमा अगाडि बढाउन प्रादेशिक सरकारहरू आफू र केन्द्रका बीच सेतु बन्न सक्नुपर्ने थियो। खेदको विषय, यिनीहरू आफ्नो त्यो महत्वपूर्ण भूमिकामा पनि सफल देखिएका छैनन्। यस सन्दर्भमा न केन्द्रीय सरकारले प्रभावकारी कार्यविधि अपनाएर प्रादेशिक संसद् र सरकारहरूबाट वाञ्छित प्रतिफल लिन सकेको छ न त प्रदेशहरूले नै आफ्नो सर्वाधिक महत्वपूर्ण भूमिकालाई सार्थक बनाउने कुरामा ध्यान केन्द्रित नै गर्न सकेका छन्।

नेपालको संविधान तर्जुमा गर्दा तत्कालीन संविधान सभाका सदस्यहरूले गहन रन्थन मन्थनपछि देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनाउने निर्णय गरेका थिए। देश सङ्घीयतामा गएपछि यो देशको शासकीय निर्णय प्रणालीमा व्यापक र सकारात्मक परिवर्तन हुने अपेक्षा गरेको हुनुपर्छ वर्तमान संविधानका तर्जुमाकारहरूले। खेदको विषय, हाम्रा नेताहरूको त्यो अपेक्षामाथि यति थोरै समयमै तुषारापात भएको देखिन्छ। देशको सन्तुलित र सर्वतोमुखी विकासका लागि एउटा प्रभावकारी वैधानिक उपकरण बन्नेछ भन्ने सुखदायी परिकल्पनाका साथ अङ्गीकार गरेको सङ्घीय प्रणाली यति चाँडै समस्या उन्मुख देखिनु चिन्ताको विषय हो। सङ्घीय प्रणालीमाथि बढ्दो अविश्वासले राष्ट्रिय स्तरमै प्रणालीको उपयुक्तता वा अनुपयुक्ततालाई लिएर बहस सुरु हुने स्थिति उत्पन्न हुँदै छ। दुई पटक चुनाव, आठ वर्ष लामो समय र अर्बौं रुपियाँ खर्च गरेर लेखिएको संविधानको मेरुदण्डका रूपमा रहेको सङ्घीय प्रणालीमाथि नै बडेमानको प्रश्नचिह्न लाग्ने अवस्था आउनु दुर्भाग्यको विषय हो।

सङ्घीयतालाई लिएर जनमानसमा नकारात्मक धारणा बढ्दै जान लागेको आजको स्थितिमा हामीकहाँ लागू गरिएको सङ्घीयता समग्र नै अनुपयुक्त हो कि ? सङ्घीयता समग्रमा बेठीक होइन, यसका लागि हामीले बनाएको कार्यविधि र यसलाई व्यवहारमा उतार्ने क्रममा देशको नेतृत्व वर्गबाट गल्ती मात्र भएको हो भन्ने दुई फरक विचार सतहमा देखिएका छन्। सङ्घीयताविरोधी विचारका पक्षधरले सुरुदेखि नै हाम्रो जस्तो आकारमा सानो र भूगोललगायत अन्य कतिपय कारणले असमान हैसियतका विभिन्न भू(भाग भएको मुलुकमा सङ्घीयतालाई एक परिणाममुखी प्रणालीका रूपमा लागू गर्न सकिँदैन भन्ने तर्क दिँदै आएका छन्। उनीहरूको अर्को तर्क पनि छ : पर्याप्त स्रोत-साधन र उल्लेख्य परिमाणको अर्थतन्त्र नभएका क्षेत्रहरू र स्रोत-साधन सम्पन्न हुनुका साथै भौगोलिक अवस्थितिका कारण आफ्नै दह्रो अर्थतन्त्र भएका क्षेत्रमा एकै किसिमको शासकीय संयन्त्र लागू गर्नु उपयुक्त हुँदैन। उनीहरूले यो पनि भनेका छन- सङ्घीय प्रदेशको अवधारणाअनुसार प्रादेशिक शासकीय संयन्त्र खडा भइसकेपछि पनि प्रदेशमा विकास आयोजना सञ्चालनका लागि मात्र होइन, प्रदेश सरकारको प्रशासनिक खर्चका लागिसमेत केन्द्रको अनुदानमा भर पर्नुपर्ने स्थिति रहन्छ भने त्यो सङ्घीय प्रणालीको असफलताको द्योतक हुनेछ। यो तर्कमा पर्याप्त वजन छ।

सङ्घीयता विरोधीले दिने गरेका यी दलीललाई एकातिर पन्छाएर यसलाई एउटा उपयुक्त प्रणालीका रूपमा हेर्दै मनन गर्ने हो भने पनि आजको घडीमा हाम्रा प्रादेशिक सरकारहरू जसरी चलिरहेका छन् र प्रादेशिक सत्ताका कोरिडोरहरूमा थोर थोरै समयको अन्तरालमा जसरी सत्ताको, फगत सत्ताको लुछाचुँडी हुँदै आएको छ। त्यसले यस देशमा जुन शैलीमा सङ्घीय प्रणालीलाई सञ्चालन गर्ने प्रयत्न भइरहेको छ, त्यो सही छैन र त्यसले देशका तीन करोड जनतालाई सुख सन्तोषको सास फेर्ने अवसर दिलाउन पक्कै कठिन हुनेछ। लोकतान्त्रिक सङ्घर्षमा लामो अवधिको संलग्नता र समसामयिक नेपालको राजनीतिलाई नजिकैबाट नियालिरहेको व्यक्तिका रूपमा पङ्क्तिकार अहिले नै सङ्घीय प्रणाली असफलतिर उन्मुख छ भन्ने निचोडमा भने पुगिसकेको छैन।

वर्तमान राजनीतिक व्यवस्थाको प्राणप्रतिष्ठा भएका बेलादेखि नै यस व्यवस्थाको आधारशीला रहेको सङ्घीयताको विरोधमा उठ्दै आएको आवाजलाई बढी मुखर हुने स्थिति कसरी बन्यो भन्ने विषयमा भने सबै सचेत नेपालीको ध्यान जानुपर्दछ। आज नेपालको सङ्घीय प्रणालीको सञ्चालन विधि र व्यवहारमा फैलिएको विकृति र विसङ्गतिको चिरफार गरेर हेर्ने जो कोही पनि एउटा विडम्बनापूर्ण स्थितिसँग मुखातिब हुन पुग्छ। त्यो विडम्बना आजको नेपालमा राजनीतिको रथ हाँकिरहेका प्रमुख नेताहरूको स्वार्थकेन्द्रित लघुदृष्टि र भड्किलो नियतसँग जोडिएको छ भन्नुपर्दा कुनै पनि सचेत नेपालीको शिर लाजले निहुरिन्छ। केन्द्रीय सत्तामा पालैपालो आसीन हुने गरेका देशका प्रमुख दलका शीर्ष नेताहरूले आज देशले अङ्गीकार गरेको राजनीतिक प्रणालीलाई संविधानका अक्षर र मर्मअनुसार कार्यान्वयनमा ल्याएर एउटा शान्त, सुस्थिर र सकारात्मक राजनीतिक वातावरण बनाउनेमा भन्दा प्रादेशिक सत्तामा जसरी पनि कब्जा जमाउने कुरामा आफ्नो अर्जुनदृष्टि दिइरहेको देखिनु गहिरो चिन्ताको विषय बनेको छ। मौसम नै पिच्छे ट्युनिक बदलेझैँ प्रदेशका प्रमुखहरू बदल्ने गरिएकोसमेत पाइएको छ। प्रदेशका मुख्यमन्त्रीहरूको हकमा पनि पाँडेपजनी चलेको छ भने प्रत्येक पटक त्यो कुर्सीमा पुग्ने व्यक्तिले सबै किसिमका जायज/नाजायज हथकण्डा अपनाएर त्यसमा टाँस्सिइरहने प्रयत्न गरेको देखिएको छ।

मुख्यमन्त्रीको कुर्सीमाथि कब्जा जमाउने हुटहुटीमा प्रदेश सांसदहरूलाई दल बदल्न दुरुत्साहन गर्नेदेखि अपहरण गर्नेसम्मका समाचार सुन्नुपरेको छ। कुर्सीमा टिक्न एक जना मुख्यमन्त्रीले आफ्नो प्रदेशको सरकारमा मन्त्रीहरूको सङ्ख्या अवैध र अशोभनीय किसिमले बढाइदिएका छन्। मन्त्रीको सङ्ख्या नचाहिँदो ढङ्गले वृद्धि गर्नेमा उनी एक्ला भने होइनन्। आजको घडीमा सात प्रदेश सरकारमा कुल १६३ जना मन्त्री बहाल छन् भन्ने तथ्याङ्क सार्वजनिक भएको छ। यो सङ्ख्या संविधानले अनुमति दिनेभन्दा निकै बढी हो भन्ने उल्लेख गरिरहनु परोइन। त्यसबाहेक मुख्यमन्त्रीहरूले प्रदेशको स्थायी प्रशासनिक प्रणालीमा धेरै जना सल्लाहकार, विज्ञहरूको हुललाई प्रादेशिक सचिवालयमा हुलेर झन् नकारात्मक सन्देश प्रवाह गरेका छन्।


प्रदेश सरकार र केन्द्रीय सरकारका बीच प्रभावकारी समन्वयको नितान्त अभाव छ। प्रादेशिक सरकारहरू आफू र आफ्ना सांसदलाई हर प्रकारका सुविधा जुटाउन पूरा मनोयोगका साथ लागेका छन्। यिनीहरू स्वच्छ प्रशासन दिने मामिलामा पनि कमजोर साबित भएका छन्। एउटा प्रादेशिक सरकारको सचिवालयमा त भ्रष्टाचार भएको आशङ्कामा त्यसको छानबिन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा नै मारेको छ। समग्रमा भन्नुपर्दा देशले अङ्गीकार गरेको सङ्घीय शासन प्रणालीमा बिस्तारै समस्या देखिन थालेको छ। सङ्घीय प्रणालीमा फैलिँदै गएका विकृतिको उपचार नगर्ने हो भने नेपाली राजनीतिक प्रणालीमा गरिएको सङ्घीयताको प्रयोग असफल साबित भई इतिहास हुनेछ। त्यो स्थिति आयो भने सङ्घीय प्रणाली मेरुदण्डका रूपमा रहेको लोकतान्त्रिक गणतन्त्रको औचित्य र अस्तित्वमाथि पनि प्रश्न उठ्न थाल्नेछ। त्यस परिस्थितिले निम्त्याउने अराजकता नेपाली जनताले थेग्न सक्ने छैनन्।

गोरखापत्र

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

## नयाँ बसपार्कमा सामूहिक बलात्कार गरेको आरोपमा ९ जना पक्राउ

काठमाडौं। काठमाडौंको नयाँ बसपार्कमा एक महिलालाई सामूहिक बलात्कार गरेको अभियोगमा ९ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा मुगुका युवराज बडुवाल, हिक्मत नेपाली, रतन नेपाली, सुरेश सेजुवाल, दीपक नेपाली, शिवहरि बुढा, गोपालकुमार श्रीस र अर्का एक व्यक्ति छन्। काठमाडौं प्रहरी परिसर, टेकुका एसपी दिनेशराज मैनालीले ७ जनालाई मंगलबार साँझसम्ममा पक्राउ गरिएको र अर्का एक जना बुधबार बिहान पक्राउ परेको बताए। उनका अनुसार पीडित सुर्खेतबाट काम खोज्दै काठमाडौं आएकी महिला हुन्। उनका श्रीमान् धेरै पहिलेदेखि बेपत्ता रहेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। वैदेशिक रोजगारीमा जाने तयारी गरिरहेका व्यक्तिहरुले उनलाई फकाएर होटलमा लगेर सोमबार साँझदेखि मंगलबारसम्म जबर्जस्ती करणी गरेको भन्दै जाहेरी परेको एसपी मैनाली बताउँछन्। प्रहरीका अनुसार युवराजले सुरुमा उनलाई फकाएर गेस्ट हाउसमा लगेका थिए।

# रामेछाप डायरी

## रामेछापमा नेपाल शिक्षक संघको अधिबेशन सम्पन्न

रामेछाप। नेपाल शिक्षक संघ रामेछापले हाल सम्म ७ वटा पलिकामा पालिकास्तरीय अधिबेशन सम्पन्न गरेको छ। संघले हाल सम्म २ नगरपालिका र ५ गाउपालिकामा अधिबेशन सप्पन्न गरेको नेपाल शिक्षक संघ रामेछापले जनाएको छ।

नेपाल शिक्षक संघले पछिल्लो पटक शनिबार रामेछाप नगरको अधिबेशन सम्पन्न गरेको छ। नगर अधिबेशनको उद्धाटन रामेछाप नगरपालिक नगर प्रमुख नर बहादुर थापामगरले गतेका थिए। उक्त अधिबेशनले नीम श्रेष्ठलाई नगर अध्यक्षमा चयन गरेको छ। त्यसै गरि उपाध्यक्षमा रामकुमार घिमिरे, महिला उपाध्यक्षमा रमिता राई, सचिबम खिल बहादुर कार्की, अर्थ सचिबमा राजेश थापा मगर, सहसचिबमा गुणराज पोखेल र मुना कुमारी श्रेष्ठ, सहसचिब अर्थमा गङगा तमाङ, सहसचिब समाबेशिमा श्यामलाल मगर र खेम शाहीलाई चयन गरेको छ।

अधिबेशनले मन्थली नगरपालिकाको अध्यक्षमा भिम नेपाली महिला उपाध्यक्षमा सविना पौडेल, उपाध्यक्षमा शम्भु मण्डल, सचिवमा सुरेन्द्र के.सी.,सचिव अर्थमा सानोबाबु पुरी, सहसचिवमा गुञ्जबहादुर श्रेष्ठ, सहसचिव महिलाम जानुका श्रेष्ठ, सहसचिव अर्थमा विनोद सुवेदी,सहसचिव समावेशीमा प्रमिना श्रेष्ठलाई चयन गरेको छ।

उमाकुण्ड गाउँपालिकाको अध्यक्षमा तुलसीप्रसाद आचार्य, महिला उपाध्यक्षमा अप्सरा बस्नेत खड्का, उपाध्यक्षमा रामकुमार खड्का, सचिवमा अमृतबहादुर थापा, सचिव अर्थमा झपटबहादुर कार्की, सहसचिवमा निलम कटुवाल, सहसचिव महिलामा सुर्यकुमारी थापा, सहसचिव अर्थमा सचि कार्की,

सहसचिव समावेशीम पासाङ शेर्पा र नुर्वु शेर्पा चयन भएका छन।

दोरम्बा सैलुङ गाउँपालिकाको अध्यक्षमा हरिकृष्ण पाठक, उपाध्यक्ष महिलामा भगवती सुवेदी, उपाध्यक्षमा माधब प्रसाद गौतम, सचिवमा तेजबहादुर नगरकोटी, सचिव अर्थमा डेकमान घिसिङ, सहसचिवमा मार्साङ मोक्तान, सहसचिव महिलामा केसरी मोक्तान, सहसचिव अर्थमा चन्द्रबहादुर थापामगर, सहसचिव समावेशीमा रुपेश थामी र बुद्धिमान तमाङ चयन गरेको छ।

त्यसैगरी लिखुतामाकोशी गाउपालिकाको अध्यक्षमा राजेन्द्र पौडेल, उपाध्यक्ष महिलामा रूकमुणिदेवी खड्का,उपाध्यक्षमा युद्धबहादुर जोगी, सचिवमा हरिचन्द्र महत, सचिव अर्थमा पुष्पा दाहाल, सहसचिवमा धर्मेन्द्र कुमार यादव, सहसचिव महिलामा चोपकुमारी श्रेष्ठ, सहसचिव अर्थमा नन्द बुढाथोकी,

सहसचिव समावेशीमा टेकबहादुर तामाङ र आईति माझी चयन गरेको छ।

गोकुलगंगा गाउँपालिकामा अध्यक्ष रामप्रसाद घिमिरे, उपाध्यक्ष महिलामा नमि खड्का, उपाध्यक्षमा राजकुमार खड्का, सचिवमा रामजी खड्का, सचिव अर्थमा कमलबहादुर कार्की,

सहसचिवमा नारायणबहादुर कार्की, सहसचिव महिलामा कृष्णकुमारी मोक्तान, सहसचिव अर्थमा धनबहादुर बस्नेत, सहसचिव समावेशीमा महेश चौधरी र खडक बहादुर खड्कालाई चयन गरेको छ।

सुनापती गाउँपालिकाको अध्यक्षमा सुन्दरकुमार पुलामी,

उपाध्यक्ष महिलमा सुभद्रा लामा, उपाध्यक्षमा रोमन लामा सचिवमा विक्रम विसुन्के, सचिव अर्थमा ईन्द्रसिं धामी, सहसचिवमा दिनेश कुमार लामिछाने, सहसचिव महिलामा सानुकुमारी खड्का राय, सहसचिव अर्थमा दिपा खड्का, सहसचिव समावेशीमा मिथुन थापा र भुवन लामालाई चयन गरेको छ।

नेपाल शिक्षक संघको पालिका स्तरीय अधिबेशन गर्न बाकी रहेको खाडादेबी गाउँ पालिकामा पौष २४ गते गर्ने तयरी भइ सकेको नेपाल शिक्षक संघ रामेछापकी कार्यबाहक अध्यक्ष प्रबिना पौडेलले जानकारी दिइन। खाडादेबीमा भने प्रमुख अतिथिका रुपमा महामन्त्री बिश्वप्रकाश शर्मालाई ल्याउने बताइएको छ। पालिका अधिबेशन सके पछि लगतै जिल्ला अधिबेशनको तयारीमा शिक्षक संघ रहेको छ। पालिका अधिबेशन सके लगतै जिल्ला समितिको बैठक बसेर जिल्ला अधिबेशनको मिति तोक्ने र अधिबेशन तयारी गर्ने कार्यबाहक अध्यक्ष पौडेलले बताइन।

शिक्षकहरु पार्टीका मेरुदन्ड हुन : नगर प्रमुख थापामगर

रामेछाप नगरपालिकाका नगर प्रमुख नर बहादुर थापामगरले शिक्षकहरु पार्टीका मेरुदण्ड भएको बताएका छन। नेपाल शिक्षक संघ रामेछाप नगरको अधिबेशनमा बोल्दै नगर प्रमुख थापामगरले पार्टी अघि बढ्ने/नबढ्ने र पार्टीलाई कुन स्थानमा पुर्याउने काममा शिक्षकको भुमिका ठूलो हुने बताए। उनले राजनितिकर्मी लहड्मा हुन्छन शिक्षकहरुले सहि मार्गदर्शन दिनु पर्नेमा जोड दिदै शिक्षक सबैध स्थोक भएको धारणा राखेका थिए।

शिक्षक आफ्नो क्षेत्रमा अघि बढ्ने हो भने शिक्षासङै राजनैतिक धार पनि प्रष्ट हुनु पर्नेमा जोड दिए। काङ्ग्रेसले कर्ममा बिश्वास गर्ने भएकाले जनपक्षीय निर्णय गर्न सके जनप्रतिनिधि कहिल्यै आलोचित हुन नपर्ने उनको भनाई थियो

उनले प्रतिपक्षलाई सङै लिएर गए बिकास मजबुत हुने बताए। कर्म गर्ने हो भने नगरमा बेरोजगार नहुने सबैले इमान्दारीताका साथ काम गरे सिमित स्रोत साधनमा पनि बिकास गर्न पैसा बढी हुने नगर प्रमुख बताउछन। त्यो खालको कार्यक्रम काङ्ग्रेस सङ छ त्यसैले काङ्ग्रेसलाई बहुमत आबशयक रहेको बताए। आन्तरिक मन्मुटाब हटाएर बहुमत प्राप्तिका लागि सबै लाग्नु पर्नेमा उनले जोड दिए। पछिल्लो समय काङ्ग्रेसमा परिवर्तन आएको छ तर बाकी हाङ्गाबिगाले राम्रो काम गर्दिनु पर्छ भन्दै काङ्ग्रेस निकटका सबैलाई उनले चनाखो रहन आग्रह गरे। काङ्ग्रेसको परिवर्तनलाई दीर्घकालीन रुपान्तरणमा लानु पर्ने उनको जोड थियो। उनले आफै जनप्रतिनिधि भएर पनि जनप्रतिनिधिलाई नियन्त्रण गर्ने संयन्त्र बन्न नसकेकोमा दुख ब्यक्त गरे। बिद्यालयको शैक्षिक सुधारका लागि बिधालय मर्ज गरी सुबिधा सम्पन्न बनाउनु पर्नेमा उनको जोड थियो।

# मुक्तिनाथ विकास बैंकद्वारा छुट्टाछुट्टै दुइ संस्थालाई सहयोग

काठमाडौं । मुक्तिनाथ विकास बैंक लि.ले सामाजिक उत्तरदायित्व अन्र्तरगत विभिन्न संध संस्थाहरुलाई सहयोग गर्दै आएको छ । मंसिर महिनामा बैंकले २ विभिन्न सामाजिक संस्थालाई सहयोग गरेको छ । बैंकले गो.न.पा (०१ दुङ्गासाँघु, ललितपुर स्थित मुक्तिनाथ मन्दिर परिसरमा तापक्रम र समय देखाउने डिजिटल डिस्प्लेको निर्माणको लागि रु १७,००० को आर्थिक सहयोग गरेको छ ।

यस सँगै, आर्थिक स्थिति कमजोर भएका बालबालिकाहरुमा खेलकुद प्रतिभाको विकास गर्ने उद्देश्य लिएको सरोज टेबल टेनिस फर अलक्लबलाई , सोहि आर्थिक स्थिति कमजोर भएका बालबालिकाहरुलाई निशूल्क टेबल टेनिसको तालिम दिन बैंकले रु ४०,००० को आर्थिक सहयोग हस्ताणतरण गरेको बैकले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ ।

# ग्लोबल आइएमई बैंक १६ औँ वर्षमा प्रवेश

ग्लोबल आइएमई बैंक लिमिटेड आइतबारदेखि १६ औं वर्षमा प्रवेश गरेको छ । उक्त अवसरमा १५ वर्षदेखि बैंकमा निरन्तर सेवारत ४९ कर्मचारीहरुलाई सम्मान गरेको छ । काठमाडौंको एभेष्ट होटेलमा आइतबार आयोजित विशेष कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई १५ वर्षे कोशेढुङ्गा पार गरेकोमा सम्मान गरेका छन्।



यसका साथै अध्यक्ष ढकालले बैंकमा १५ वर्षदेखि निरन्तर सेवारत कर्मचारीहरुलाई सम्मान गरे । बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले ग्लोबल आइएमई बैंकले उत्कृष्ट बैंकिङ्ग सबैका लागि भन्ने नाराका साथ आफ्नो स्थापनाको १५ वर्षमा १८ वटा बैंक तथा वित्तीय संस्थाहरु मर्जर तथा एक्विजिशनमार्फत आफूलाई अधिकांश वित्तीय सूचकहरुमा अब्बल बनाउन सफल रहेको बताएका छन् । प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले बैंकले आफ्नो सेवालाई ग्राहकमैत्री बनाउँदै अहिलेको डिजिटल युगमा समयसापेक्ष सेवा दिनेगरी आफ्नो लक्ष्य निर्धारण गरेर बैंक अगाडि बढेको बताए ।

हाल बैंकको ३३.७५ अर्ब रुपैयाँ शेयरधनी कोष, २७४ अर्ब रुपैयाँ निक्षेप संकलन र २६९ अर्ब रुपैयाँ कर्जा लगानी रहेको छ ।

त्यस्तै, बैंकले ७६ जिल्लामा रहेका आफ्ना २८७ शाखा, २६३ शाखारहित बैंकिङ्ग सेवा, २५२ एटीएम, ४८ एक्स्टेन्सन काउन्टर र तीनवटा वैदेशिक सम्पर्क कार्यालय मार्फत उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। बैंकमा ३,२०० भन्दा बढी कर्मचारी तथा २७ लाख भन्दा बढी ग्राहकहरु रहेका छन् ।

बैंकले आफ्नो स्थापनाको १५औं वर्षको अवसरमा मुलुकका सातवटै प्रदेशमा सप्ताहव्यापीरुपमा विभिन्न कार्यक्रमहरुको आयोजना गरेको छ । यसैक्रममा बैंकले निःशुल्क स्वास्थ्य शिविरहरु, रक्तदान कार्यक्रम, छात्रवृत्ति वितरण तथा बैंकको अन्तर विभागीय खेलकुद प्रतियोगिताको आयोजना गरेको थियो । ग्लोबल बैंक २०६३ साल पुस १८ गते क्षेत्रीयस्तरको वाणिज्य बैंकको रुपमा स्थापना भएको थियो ।

# स्ट्याण्डर्ड चार्टर्ड बैंकको डेपुटी सीईओमा राणा



स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपालले गोरख राणालाई नायब प्रमुख कार्यकारी अधिकृत (डेपुटी सीईओ)मा नियुक्त गरेको छ । बैंकले १ जनवरी २०२२ देखि लागू हुनेगरी राणालाई डेपुटी सीईओमा नियुक्त गरेको हो ।

राणासँग नेपालको बैंकिङ उद्योगको गहिरो ज्ञानका साथ २७ वर्षभन्दा लामो बैंकिङ अनुभव छ । धेरै उद्योग र नियामक फोरमहरूमा मानक चार्टर्डको प्रतिनिधित्व गर्दै उनी सन् १९९४ मा रिटेल र प्राइभेट बैंकिङमा एससीबीएनएल मा सामेल भए । सन् १९९६ मा कर्पोरेट र संस्थागत बैंकिङमा सरे जहाँ उनले रिलेसनसिप म्यानेजर, सिनियर क्रेडिट म्यानेजर, हेड अफ क्लाइन्ट कभरेज लगायतमा पदमा काम गरेका थिए ।

# एनएमबि बैंक र हिमालय दृश्य होटलबीच सम्झौता

एनएमबी बैंक र हिमालय दृश्य होटेल धुलिखेलबीच सम्झौता भएको छ ।

सम्झौता अनुसार खानामा १० प्रतिशत तथा आवास सुविधामा २० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको बैंकले जनाएको छ । सम्झौतापत्रमा एनएमबी बैंकका एरिया म्यानेजर निरन श्रेष्ठ र हिमालय दृश्यका एशोसिएट डाइरेक्टर सेल्स एण्ड मार्केटिङ बबिता पाण्डेले हस्ताक्षर गरेका छन् । अत्याधुनिक बैंकिङ सुबिधा, विद्युतीय भुक्तानी अभिबृद्धिका साथै अन्य अतिरिक्त सेवामा पनि सहजता मिलोस् भन्ने उद्देश्यले एनएमबि बैंकले छुटको लागी सहकार्य गरेको जनाएको छ । छुट सम्बन्धी थप जानकारी एनएमबि बैंकको वेवसाइटको 'एनएमबी भिसा कार्ड डिस्काउन्ट' सेक्सनमा गएर प्राप्त गर्न सकिने बैंकेल जनाएको छ । एनएमबि बैंकले हाल देशभरी २०१ शाखा, १३८ एटीएम, ९ एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आएको छ ।

# सानिमा बैंकको नयाँ वर्ष धमाका योजना

नयाँ वर्ष २०२२को अवसरमा सानिमा बैंकले आफ्ना ग्राहकहरूको लागि 'सानिमा सजिलो ईबैंकिङ नयाँ वर्ष धमाका योजना' सार्वजनिक गरेको छ ।




उक्त योजनाअन्तर्गत ग्राहकहरूले सानिमा सजिलो ई(बैंकिङमार्फत कारोबार गरी आकर्षक पुरस्कारहरू जित्न सक्नेछन् । मोबाइल एप निर्माता एफवान सफ्टसँगको सहकार्यमा सञ्चालित योजनामा ३ जना भाग्यशाली विजेताले आइफोन १३, २ जना भाग्यशाली जोडीले बाली(इन्डोनेसिया भ्रमण र ५ जना भाग्यशाली जोडीले पोखरा भ्रमण पुरस्कारमा प्राप्त गर्न सक्नेछन् । त्यस्तै, मोबाइल बैंकिङमार्फत पहिलो पटक कारोबार गर्ने १० जना ग्राहकले प्रत्येक दिन एक सय रुपैयाँ क्यास ब्याक पनि प्राप्त गर्नेछन् । सानिमा बैंकको नयाँ वर्ष धमाका योजनामा सहभागी हुनका लागि ग्राहकले सानिमा बैंकको मोबाइल बैंकिङ एप सानिमा सजिलो ईबैंकिङ प्रयोग गरेर तीन महिनामा अविधभर कम्तीमा १५ वटा कारोबार गर्नुपर्ने हुन्छ । यो योजना सन् २०२२ १जनवरीदेखि ३१ मार्चसम्म लागू हुने बताइएको छ । सानिमा बैंकको मोबाइल बैंकिङ एप प्लेस्टोर वा एप स्टोरबाट सहजै डाउनलोड गर्न सकिन्छ । र, यसलाई नजिकैको शाखामा सम्पर्क गरेर कारोबार सुरू गर्न सकिन्छ । सानिमा बैंकको देशभर १ सय १९ वटा कार्यालय र ९७ वटा एटिएम सञ्चालन भइरहेको छ ।

# नेपाल बैंकद्वारा विद्यार्थी सम्मानित

नेपाल बैंक लिमिटेडले त्रिभुवन बिश्वविद्यालय व्यवस्थापन संङ्काय अन्तर्गत स्नातक तहमा सर्वोत्कृष्ट स्थान हासिल गरि नेपाल बैंक लिमिटेड छत्रमान सिंह के.सी.स्वर्ण पदक प्राप्त गर्न सफल छात्रा बबिता ग्वाछालाई सम्मान गरेको छ । भक्तपुरको बागेश्वरी कलेजमा अध्ययनरत छात्रा बबिता ग्वाछालाई त्रिभुवन बिश्वबिद्यालयको ४७ औं दिक्षान्त समारोहको अवसरमा प्रधानमन्त्री तथा त्रिभुवन विश्वबिद्यालयका कुलपति शेर बहादुर देउवाले नेपाल बैंक लिमिटेड छत्रमान



सिंह के.सी. स्वर्ण पदक प्रदान गरेका थिए । वि.सं. २०२२ साल ११ माघमा एक लाख रुपैयांको अक्षयकोष स्थापना गरि सुरु भएको उक्त पदक त्रिभुवन बिश्वबिद्यालय व्यवस्थापन सङ्कायमा सर्वोकृष्ट हुनेलाई प्रत्येक बर्ष त्रिभुवन बिश्वबिद्यालयको दिक्षान्त समारोहको दिन प्रदान गरिन्छ । नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, धर्मपथ, काठमाण्डौमा बुधबार आयोजित एक कार्यक्रममा नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्ण बहादुर अधिकारीले नेपाल बैंक लिमिटेडको नाममा स्थापित छत्रमान सिंह के.सी. स्वर्ण पदक प्राप्त गरेकोमा पदक विजेता ग्वाछालाई बधाई दिदै सम्मान गरेका थिए ।

# हिमालयन बैंकको साधारणसभा ३० पुसमा

हिमालयन बैंकले यही पुस ३० गतेका लागि साधारण सभा बोलाएको छ । सभाले हाल कायम चुक्ता पुंजीको २१.३८ प्रतिशतका दरले बोनस सेयर र सो को करसहित ४.६२ प्रतिशत नगद लाभांश वितरण गर्ने विशेष प्रस्ताव पारित गर्नेछ । बैंकले गत आर्थिक वर्षको मुनाफाबाट सेयरधनीलाई वितरण गर्ने घोषणा गरेको लाभांश वितरण गर्ने र नेपाल इन्भेष्टमेन्ट बैंकसँग मर्जर प्रक्रियालाई अन्तिम स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गर्न साधारण सभा बोलाएको हो । सभाले नेपाल इन्भेष्टमेन्ट बैंकसँग मर्जर गर्नेसम्बन्धी सम्पूर्ण कार्यहरुलाई स्वीकृत प्रदान गर्ने, सेयर स्वाप रेसियो १ बराबर १ कायम गर्ने, प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिनेलगायत प्रस्ताव पारित गर्ने बताइएको छ । साधारण सभा प्रयोजनार्थ बैंकले पुस ११ गतेदेखि बुकक्लोज गर्ने भएको छ ।

# अर्थ संसार

## महालक्ष्मी विकास बैंकको निःशुल्क स्वास्थ्य शिविर

महालक्ष्मी विकास बैंकको महेन्द्रनगर शाखाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । महाकाली




जनज्योति आधारभूत विद्यालयमा आयोजित स्वास्थ्य शिविरमा स्थानीय २ सय ५० जनाको निःशुल्क स्वास्थ्य परीक्षण र औषधी समेत प्रदान गरिएको बैंकले जनाएको छ । बैंकले प्रदेश(१ मा ५, प्रदेश(२ मा १५, बागमती प्रदेशमा ३७, गण्डकी प्रदेशमा ९, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा २ र सुदूरपश्चिम प्रदेशमा १७ वटा गरी कुल १०३ वटा शाखामार्फत करिब ६ लाख ग्राहकलाई सेवा दिँदै आएको जनाएको छ ।

## एनसीसी बैंक र होटल सिराइचुलीबीच सम्झौता

नेपाल क्रेडिट एण्ड कमर्स (एनसीसी) बैंक र चितवनको भरतपुरमा रहेको ४ तारे होटल सिराइचुलीबिच विभिन्न आकर्षक छुट प्याकेजहरुमा सम्झौता भएको छ । बैंक र होटलबिच एनसीसी बैंकको भिषा कार्ड प्रयोगकर्ता,



मोबाइल बैंकिङ चलाउने ग्राहक र बैंकका कर्मचारीहरुलाई होटलमा उपलब्ध विभिन्न सेवाहरुमा विशेष छुट उपलब्ध गराउने बारे सम्झौता भएको बैकले जनाएको छ । होटलले फुड एण्ड बेभरेजमा १० प्रतिशत, र एकोमोडेसनमा २५ प्रतिशत छुट उपलब्ध गराउने पनि बैकले जनाएको छ । हाल सम्म एनसीसी बैंकको कार्ड नभएका ग्रहकहरुलाई पनि तत्काले नयाँ कार्ड उपलब्ध गराउन एनसीसी बैंकले इन्स्टयान्ट कार्डको व्यवस्था पनि बैकले गरेको छ ।

## कृषि विकास बैंक र इजीलिंक रेमिट्यान्सबीच सम्झौता

इजीलिंक रेमिट्यान्स र कृषि विकास बैंकबीच आन्तरिक विप्रेषण भुक्तानी गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौता पत्रमा कृषि विकास बैंकका प्रमुख सञ्चालन अधिकृत यज्ञप्रकाश न्यौपाने र र रेमिट्यान्सका प्रमुख कार्यकारी अधिकृत डोलप्रसाद अर्याललले हस्ताक्षर गरेका छन् ।



उक्त सम्झौंता पश्चात कृषि विकास बैंकमार्फत पठाएको आन्तरिक विप्रेषणको रकम इजीलिंक रेमिट्यान्सका नेपालभर रहेका सात हजार भन्दा बढी एजेन्टमार्फत सजिलै भुक्तानी लिन सकिने भएको छ । छिटो, छरितो र सहज तरिकाले विप्रेषण रकमलाई सेवाग्राहीसम्म पुऱ्याउन सम्झौंताले थप सहज हुने प्रमुख कार्यकारी अधिकृत अर्यालले बताए । हाल इजीलिंक रेमिट्यान्स ले ग्राहकको चाहनालाई मध्यनजर गर्दै कोरिया, जापान, साइप्रस, अष्ट्रेलिया लगायत मुलुकबाट पठाएको रकम कृषि विकास बैंकको सबै शाखामार्फत सहजै भुक्तानी लिन सकिने साथै ग्राहकको खातामा विदेशबाट आएको रकम तत्काले जम्मा हुने व्यवस्था मिलाएको बताइएको छ ।

## खल्ती र तिलाठी कोईलाडी गाउँपालिकाबीच सम्झौता

नेपालको अनलाइन भुक्तानी सेवा प्रदायक 'खल्ती' र तिलाठी कोईलाडी गाउँपालिकाबीच साझेदारी भएको छ । साझेदारी अनुसार गाउँपालिकाले करिब साढे चार हजार किसान परिवारलाई आर्थिक अनुदान स्वरुप सिँचाइ र कृषि प्रयोजनमा विद्युतीय उपकरण प्रयोग गरेबापत किसानको कृषि मीटर महसुल तथा घरको बिजुलीको महसुल तिर्ने भएको छ । सो योजनाको कार्यान्वयनमा 'खल्ती' ले डिजिटल प्रविधिबाट भुक्तानीमा सहयोग गर्ने छ । सप्तरी जिल्लाको दक्षिणपूर्वी पूर्वी भेगमा अवस्थित तिलाठी कोईलाडी गाउँपालिकामा यसअघि सिंचाइ र खेतीका लागि किसानले अधिकतम शुल्क पर्ने डिजल उपकरणबाट कृषिका काम गरिरहेका थिए । यो आर्थिक अनुदान कार्यान्वयनमा आएसँगै अब न्युनतम शुल्कमा आधुनिक प्रविधि प्रयोग गरि विभिन्न कृषिजन्य कामका लागि विद्युतीय उपकरणहरु प्रयोग गर्न सक्नेछन् ।

# निजामती सेवामा पारदर्शिता, नैतिकता र उत्तरदायित्व

लक्ष्मीविलास कोइराला

समय कालक्रममा सरकारका नीतिनिर्णय कार्यान्वयन गर्ने सार्वजनिक प्रशासनको मुख्य जिम्मेवारीमा हिजो र आज खास फरक आएको छैन। सार्वजनिक प्रशासनलाई देशको शासन प्रणालीसँग अलग राखेर हेर्न सकिँदैन। नेपाल एकीकरणताका राजनीति एकीकरणका लागि समर्पित भएकाले प्रशासन पनि एकीकरण केन्द्रित भयो। राणाकालमा प्रशासन शासकको स्वार्थ पूरा गर्नमा नै रमायो। प्रजातान्त्रिक शासन प्रणाली र गणतन्त्रात्मक संघीय शासन प्रणालीमा निजामती प्रशासन प्रजातान्त्रिक एवं संघीय मूल्य मान्यताले सिञ्चित हुन आवश्यक भएको छ।

म्याक्स वेवरको नियममा आधारित, नैतिक र सक्षम कर्मचारीतन्त्रले आधुनिक कालसम्म आइपुग्दा ढिलो, अनुत्तरदायी, प्रक्रियामूलक, नैतिक आचरणको उपहास गर्ने, भ्रष्ट, नागरिकको सेवाप्रति असंवेदनशील जस्ता आरोप खेप्नुपर्‍यो। सरकारका नीति र कार्यक्रम कार्यान्वयनमा आएको सिथिलताले सीमित र दुर्लभ वित्तीय स्रोत र समयको अपव्यय भयो। आफ्नो न्यूनतम जिम्मेवारी पूरा गर्न नसकेपछि प्रशासनिक एवं व्यवस्थापकीय समाजमा कर्मचारीतन्त्रका विकल्प खोज्ने काम र विभिन्न प्रयोगहरू भए। तर, सरकार सञ्चालनका लागि कर्मचारीतन्त्र निर्विकल्प झैं देखियो र सुधारका लागि विकास प्रशासन, नयाँ सार्वजनिक व्यवस्थापन, नयाँ नागरिक सेवा तथा सुशासन जस्ता सिद्धान्तहरू प्रयोगमा आए। यद्यपि, सार्वजनिक प्रशासन अपेक्षित रूपमा सक्षम नैतिकवान्, उत्तरदायी, पारदर्शी र परिणाममुखी बन्न सकेको देखिँदैन।

नेपालको राजनीतिक शासन प्रणालीमा बारम्बार उथलपुथल भएसँगै प्रशासन प्रणालीमा सुधारका प्रयास भए तापनि प्रशासनको चरित्र लाए अह्राएको काम गर्ने प्रवृतिबाट मुक्त हुन सकेन र जतिसुकै प्रजातान्त्रिक र गणतन्त्रात्मक राजनीतिक प्रणालीका सरकार आए पनि कर्मचारीतन्त्र माथिको हस्तक्षेप घट्न पनि सकेन। नेपालको सार्वजनिक प्रशासनको संक्षिप्त विश्लेषण गर्दा प्रशासन व्यवस्था केन्द्रीकृत छ र आदेश, निर्देश र नियन्त्रणमा सञ्चालन हुने गर्छ। मातहत रहेका विभाग कार्यालय आफ्नो जिम्मेवारी स्थानीय परिस्थिति अनुरूप निर्धारण गरेर काम गर्न सक्ने गरी अधिकार सम्पन्न छैनन्। केन्द्रीय नीति कार्यक्रम कार्यान्वयन गर्न र निर्देशन पालना गर्नमा व्यस्त हुने कारण आफ्नो जिम्मेवारी पूरा नगर्दा पनि ती कार्यालय र कर्मचारी दण्डित पनि हुँदैनन्। प्रशासनको कार्य संस्कृति परिणाम होइन कि प्रक्रियामूलक रहेको छ। प्रशासनको मूल्यांकन गर्दा बजेट कति खर्च भयो बजेट खर्चबाट के उपलब्धि भयोभन्दा पनि खर्च भएको बजेट प्रक्रियानुरूप छ छैन हेर्ने गरिन्छ। कामको परिणाम खोज्ने संस्कारसँगै सरकार र प्रशासनमाथि निर्णय गर्ने बोझ बढ्न गएको छ। निर्णय बन्द प्रणालीमा हुने र निर्णय प्रक्रियामा धेरै चरण संलग्न हुने कारण निर्णय ढिलो हुने गर्छन् भने सरकारी कार्यालय अनुपयुक्त नीति, कानुन, अपर्याप्त बजेट र कर्मचारीजस्ता समस्यामा जेलिएका छन्। कार्यालयहरूमा काम र कर्मचारी दरबन्दीबीच सन्तुलनको अभावमा सेवाग्राहीको भीड हुने कार्यालयमा समयमा काम हुन नसक्दा र सेवा प्रवाह गर्ने कार्यालयहरू मालपोत, वैदेशिक रोजगारी, सवारी लाइसेन्स, सवारी कर भुक्तानीजस्ता कार्यालयमा बिचौलियको संलग्नताले सेवाग्राहीले अनेकौं सास्ती पाउने गरेका छन्। काम छिटो गराई दिने प्रलोभनमा सेवाग्राही सरकारी शुल्कभन्दा धेरै खर्च गर्न बाध्य पनि छन्। देशको समग्र विकास गर्ने र जनताका आकांक्षा पूरा गर्ने विषयमा सरकार जनताबीच संवाद पनि कम हुन्छ। सार्वजनिक नीति निर्माण कार्यमा कर्मचारीतन्त्रभन्दा हितसमूह हावी हुने कारण नीति नागरिकमुखी नभएर स्वार्थपोषित हुने गरेका छन्। सारमा निजामती सेवामा प्रशासनिक व्यवस्थापन अत्यन्त कमजोर छ र प्रशासनका अन्तरवस्तु पारदर्शिता, नैतिकता र उत्तरदायित्व कमजोर भएकाले प्रशासनले नागरिक र सरकार दुवैको मन जित्न र सरकारी पैसाको सदुपयोग गर्न सकेका छैनन्।

पारदर्शिता

शासन प्रणालीमा रहेको गोपनीयता लाई चरक्क चिर्दै प्रजातान्त्रिक शासन प्रणालीले जनतालाई आफना शासक छान्ने मात्र होइन शासकहरूले कुन प्रकारले शासन गरिरहेका छन् र सरकारी पैसा कसरी खर्च भइरहेको छ जान्ने सूचनाको हक पनि दिएको छ। नागरिक सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्न र पाउन अधिकार सम्पन्न छन्। सूचनाको हकसम्बन्धी हक २०६४ ले सार्वजनिक निकायलाई नियमित रूपमा सूचना प्रवाह गर्नुपर्ने दायित्व दिएको छ। सरकारका कामकारबाहीमा जनताको पहुँच वा जानकार हुनु वा सार्वजनिक काम कारबाहीमा सहभागी हनुलाई पारदर्शिता भनिन्छ। सूचनाको हकले पारदर्शितालाई प्रवर्द्धन गर्छ भने पारदर्शिताले सूचनाको हकलाई सार्थक बनाउँछ। पारदर्शिता र सूचनाको हक प्रजातान्त्रिक शासन प्रणालीका महवपूर्ण चरित्र हुन्। शासन पद्धतिमा सार्वजनिक क्रियाकलाप सञ्चालन र व्यवस्थापन गर्न समाजका सबै सरोकारवाला सरकार, नीति क्षेत्र र नागरिक समाज निर्णय प्रक्रियामा सहभागी हुनु सुशासन हो। पारदर्शिता, उत्तरदायित्व, नैतिकता सुशासनकमा खम्बा हुन्। सूचनाको हक मानवअधिकारको अभिन्न पक्ष भएकाले यसले नागरिकलाई ऊर्जा, साहस र आत्मविश्वास प्रदान गर्छ। सूचनामाथि नागरिकको सहज पहुँचले राज्य व्यवस्था सञ्चालनलाई सूचनामा आधारित, नैतिकवान् र उत्तरदायी बनाउँछ भने राज्य प्रणाली विश्वासिलो, अनुशासित, र उत्पादक पनि बनाउँछ। पारदर्शिताले सार्वजनिक क्षेत्रमा खुला संस्कृतिमा काम गर्ने वातावरण विकास भएको छ भने जनतामा चेतना वृद्धि गरेको छ। यद्यपि, सूचना गोप्य राख्ने, बन्द पद्धतिमा काम गर्न रुचाउने तथा सूचना माग्न जानेले सरक्क सूचना नपाउने वातावरणले नाम मात्रको पारदर्शिता अभ्यास भएको आभास हुन्छ।

नैतिकता

नैतिकता कार्यसम्पादन व्यवहारका मार्गदर्शन वा नैतिक सिद्धान्तहरू हुन्। नैतिकता वास्तवमा नियम र प्रक्रियाको संगालो हो जुन संगठन र सामजले अपनाएको हुन्छ। नैतिकता सद्विचारको जननी हो र समाजले स्वीकार गरेको नर्म्सबाट विकसित भएको हुन्छ। संगठनात्मक नैतिकता संविधान, नियम कानुन, आचारसंहिता, नेतृत्वले गरेको प्रारम्भ, चलिआएका मूल्यहरू तथा समाजबाट सिकेका कुराहरूले निर्माण हुन्छ। कार्यक्षेत्र नैतिकता भनेको संगठनको नियम, कार्यप्रक्रिया र कर्मचारीको व्यवहार हो, जसलाई व्यावसायिक नैतिकता भनिन्छ। यसले कार्यक्षेत्रमा व्यक्तिको कर्म र व्यवहार तथा संगठनको पेसागत संस्कृतिलाई मार्गदर्शन गर्छ। नैतिकता संगठनात्मक पहिचान हो, संगठनको संस्कृति हो जसले संगठनका सेवाग्राहीसँग बलियो सम्बन्ध स्थापित गरेको हुन्छ।

नैतिकता निरपेक्ष नभएर सापेक्ष हुन्छ किनकि कुनै व्यक्तिको नजरमा ठीक लागेको, नैतिक लागेको विषय अर्को व्यक्तिको नजरमा बेठिक वा अनैतिक हुन सक्छ। त्यस्तै एउटा समाजका लागि नैतिक भएको विषय अर्को समाजका लागि अनैतिक पनि हुन सक्छ। यसकारण नैतिक व्यवहार रिलेटिभ हुन्छ। कार्यक्षेत्रमा नैतिकताले संगठनको उद्देश्य प्राप्त गर्नु महत्वपूर्ण भूमिका खेल्छ, व्यक्तिको सोच र नैतिक व्यवहारलाई निर्देशित गर्छ। कार्यक्षेत्रमा हुने नैतिकताले संगठन र संगठनमा काम गर्ने कर्मचारीलाई आत्मविश्वासी, गौरवान्वित र इज्जतिलो बनाएको हुन्छ।

नैतिकताको सार्वजनिक प्रोफेसनल जीवनमा बढी महत्व छ। निजामती सेवालाई नैतिकवान् बनाउन निजामती सेवा ऐनमा निजामती कर्मचारीहरूका लागि आचरणको व्यवस्था गरिएको छ। कर्तव्यमुखी, शिक्षाप्रद र अनुशासनउन्मुख संहिताको व्यवस्था छ। सार्वजनिक संस्थानहरूका लागि पनि तत् तत् निकायहरूमा काम गर्ने कर्मचारीका लागि पनि आचार संहिताको व्यवस्था गरिएको छ। सुशासन ऐन २०६४ मा कुनै उच्च पदमा रहेको कर्मचारीले सेवामा रहँदा गरेको निर्णय प्रभावित नहोस् भन्ने हेतुले सेवाबाट अलग हुने बित्तिकै कुनै गैरसरकारी संस्था वा विदेशी सहयोगदाता संस्थामा नोकरी गर्न नपाइने व्यवस्था पनि गरेको छ।

कर्मचारीले सेवामा रहँदा अधिकारको दुरुपयोग, अनुचित कार्य वा सार्वजनिक सम्पत्तिको दुरुपयोग वा आर्थिक अनियमितता नियन्त्रण गर्न संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र लेखापरीक्षणका लागि महालेखा परीक्षकको व्यवस्था छ। प्रत्येक राष्ट्रसेवकले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था कानुनमा गरिएको छ। सूचनाको हकसम्बन्धी ऐनको व्यवस्थाले कामकारबाहीमा पारदर्शिता कायम गर्ने, भ्रष्टाचार रोक्न भ्रष्टाचार निवारण ऐन २०६४, निजामती सेवा ऐनमा व्यवस्थापन परीक्षण गर्ने तथा स्वतन्त्र प्रेसको व्यवस्था पनि रहेको छ। विधिको शासन नैतिकताको आधारशिला हो। नैतिक ज्ञान तथा व्यक्तिले सिकेका नैतिक मूल्य कार्यान्वयनमा उतार्न सकेमा नैतिक मूल्य मात्र उच्च नभई संगठनात्मक नैतिकताको पालना पनि राम्रोसँग हुन्छ। संगठनका नीतिनियम आचार संहिता संगठनमा अनुशासन कायम गर्न केन्द्रित हुन्छन्। सबै व्यवस्था हुँदाहुँदै र सो जान्दाजान्दै पनि मानवजीवन तथा शासन प्रणालीमा नैतिकता सिञ्चन हुन सकेको छैन र प्रशासनिक क्षेत्रमा अनैतिक कार्य भइरहेको देखिन्छ। महालेखा परीक्षकको प्रतिवेदनले बर्सेनि आर्थिक अनियमिता र बेरुजु बढेको र ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाल भ्रष्टाचारको सूचीमा तल रहेको देखाइरहेको उदाहरणले शासन प्रणालीमा नैतिक संकट रहेको स्पष्ट देखिन्छ। यसकारण नैतिकता र नैतिक मूल्य, नैतिक व्यवहार नैतिक जीवन प्राप्तिका लागि राज्य, समाज र व्यक्तिको सत्प्रयास आवश्यक हुन्छ।

उत्तरदायित्व

संगठन र सरकारका जिम्मेवारी पूरा गर्न राजनीतिक नेतृत्व तथा निजामती कर्मचारीले अधिकार र स्रोतसाधनको प्रयोग गरेको हुन्छ। जिम्मेवारी पूरा गर्ने क्रममा अधिकार र स्रोतसाधनको प्रयोगका सम्बन्धमा उत्तरदायित्व पालना भयो भएन भनेर लेखाजोखा गर्ने गरिन्छ। जिम्मेवारी पूरा गर्न आवश्यक कार्यवातावरण, कार्यक्षमता तथा स्रोतसाधन हुनुपर्ने पूर्वमान्यता पनि हुन्छ। जिम्मेवारी र उत्तरदायित्व अन्तरसम्बन्धित विषय हुन्। सामान्यतया जिम्मेवारी भनेको कार्यजिम्मेवारी वा कार्यविवरण हो भने सो जिम्मेवारी पूरा गर्न लिइने निर्णय, प्रयोग गरिने अधिकार र उपयोग गरिने स्रोतसाधन प्रतिको जवाफदेहिता उत्तरदायित्व हो। जिम्मेवारी प्रत्यायोजन हुन्छ र यो तल्लो निकाय वा पदाधिकारीसम्म झर्दै जान्छ। उत्तरदायित्व प्रत्योजन हुँदैन र जिम्मेवार व्यक्तिमा नै रही रहन्छ। खासगरी जिम्मेवारीले कार्य सम्पादनसँग सरोकार राख्छ भने उत्तरदायित्वले कार्यसम्पादन प्रक्रिया र परिणामसँग सरोकार राख्छ। जिम्मेवारी देख्न, छुन सकिने प्रो(एक्टिभ हुन्छ भने उत्तरदायित्व देख्न छुन नसकिने रियाक्टिभ चरित्रका हुन्छ।

निजामती सेवा र कर्मचारी विभागीय मन्त्री र प्रधानमन्त्रीप्रति उत्तरदायी भई काम गर्ने परम्परा रहेको छ। सुशासनसम्बन्धी ऐन, २०६३ ले मन्त्री र सचिवको कार्यक्षेत्र परिभाषित गर्दै सचिवलाई मन्त्रीप्रति तथा निजामती सेवा ऐनले निजामती कर्मचारीलाई आफ्नो सुपरिवेक्षकप्रति उत्तरदायी हुने सिद्धान्तलाई अंगिकार गरेको छ। सुपरिवेक्षकले आफूअन्तर्गतका कर्मचारीको नेकिबन्दी गर्ने र सोहीअनुरूप कर्मचारीको वृत्ति विकास हुने व्यवस्था गरेको छ। निजामती सेवा ऐनमा कर्मचारीले पालना गर्नुपर्ने आचरण, सम्पत्ति विवरण दिनुपर्ने व्यवस्था तथा दण्ड र पुरस्कारको व्यवस्थाले कर्मचारीलाई उत्तरदायी भई काम गर्न प्रेरित र बाध्य गर्ने वातावरण सिर्जना गरेको पाइन्छ। प्रचलित ऐन कानुनले निजामती सेवा र कर्मचारीलाई सेवाग्राही, सरोकारवाला एवं जनताप्रति उत्तरदायी भई आफ्नो निर्णय, सेवा प्रवाह गर्नुपर्र्ने व्यवस्था गरेको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायलाई पारदर्शी भई काम गर्नुपर्ने र सरोकारवाला नागरिकले आफ्नो काम र चासोसम्बन्धी सूचना माग गरेमा दिनुपर्ने व्यवस्था गरेको छ भने सुशासन ऐन, २०६३ ले कर्मचारीले आफ्नो निकायले के गर्दै छ र सोको परिणाम के हुन्छ भन्ने सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी सार्वजनिक उत्तरदायित्वको प्रत्याभूतिका लागि संवैधानिक, कानुनी एवं कार्य परम्परा रहेको छ। सार्वजनिक उत्तरदायित्व प्रजातान्त्रिक शासन प्रणालीको चरित्र हो। प्रजातान्त्रिक शासन प्रणालीमा राज्यशक्ति जनताप्रति उत्तरदायी हुन्छ। नैतिक सिद्धान्तदेखि कानुनी एवं प्रशासनिक सिद्धान्त र पेसागत मूल्यमान्यताले सरकारलाई जनताप्रति उत्तरदायी हुने व्यवस्था गरेको छ। यसर्थ जिम्मेवारी, अधिकार र उत्तरदायित्व स्पष्ट गरी कार्य सम्पादनको वातावरण अनुकूल बनाई आफ्नो क्षेत्रमा संलग्न पदाधिकारी, निजामती कर्मचारी, सेना, प्रहरी, शिक्षक उत्तरदायी बन्नुपर्छ। तर, अधिकार प्रत्यायोजन, पर्याप्त कर्मचारी र बजेटको कमी तथा केन्द्रीय निर्देशन र बारम्बार हुने राजनीतिक हस्तक्षेपले निजामती प्रशासनमा उत्तरदायित्वको प्रवर्द्धन हुन सकेको छैन। पारदर्शिता, नैतिकता र उत्तरदायित्व निजामती सेवालाई सफल बनाउने त्रिभुज हुन्। एउटाले अर्कोलाई सशक्तीकरण गर्ने भएकाले निजामती सेवामा उत्तरदायित्व प्रवर्द्धन गर्न पारदर्शिता र नैतिकता, नैतिकता प्रवर्द्धन गर्न पारदर्शिता र उत्तरदायित्व तथा पारदर्शिता प्रवर्द्धन गर्न नैतिकता र उत्तरदायित्वको समान र महत्वपूर्ण भूमिका रहन्छ। समय परिवर्तनसँगै निजामती सेवा नामरहितता, आकृतिरहित, गोप्य, श्रेणीबद्ध र पदसोपानयुक्त तथा तटस्थ हुने मान्यतामा परिवर्तन आइरहेको छ। देशको राजनीतिक शासन प्रणाली, सूचना सञ्चार प्रविधिले ल्याएको परिवर्तन, डिजिटलाईजेसन र नेटवर्क तथा शासन व्यवस्थामा आएको नेटवर्क गर्भनेन्सले देशको निजामती प्रशासनको चरित्र, संगठन र गठन तथा कार्यशैली पनि बदल्दै जानु स्वाभाविक हुन्छ। निजामती सेवामा पारदर्शिता, नैतिकता र उत्तरदायित्वको पालना र प्रवर्द्धनले निजामती प्रशासन भोलिका लागि सक्षम छरितो परिणाममुखी बन्नेछ।

राजधानी दैनिक

# खेलकुद

## असन्तुष्ट क्रिकेट खेलाडी खेलमा फर्किन तयार

कप्तान ज्ञानेन्द्र मल्लसहित चार खेलाडीलाई नेपाल क्रिकेट संघ (क्यान) ले गरेको कारबाहीपछि असन्तुष्ट खेलाडी राष्टि्रय क्रिकेट टिमको बन्द प्रशिक्षणमा सहभागी हुन तयार भएका छन्। आइतबार क्यानका अध्यक्ष चतुरबहादुर चन्द, मुख्य प्रशिक्षक पुबुदु दशानायके र कप्तानबाट हटाइएका खेलाडी ज्ञानेन्द्र मल्लसहितको छलफलपछि खेलाडीहरु यथाअवस्थामा नै बन्द प्रशिक्षणमा फर्किन तयार भएका हुन्। यद्यपि उनीहरुले निर्णय भने दिइसकेका छैनन्। उनीहरुले सोमबारसम्म निर्णय दिने बताएका छन्। अध्यक्ष चतुरबहादुर चन्दका अनुसार क्यानले खेलाडीहरु मल्ल, दीपेन्द्र सिंह ऐरी, सोमपाल कामी र कमलसिंह ऐरीलाई ६ महिनासम्म सेन्टूल कन्ट्र्याक्टमा नराख्ने क्यानको निर्णय फिर्ता हुने बताए। उनले कप्तान भने सन्दीप लामिछाने नै रहने पनि बताए। ‘अब भोलिदेखि खेलाडीहरु क्याम्पमा आउनेछन्’ उनले भने। उनका अनुसार क्यानले सन् २०२२ को ६ महिनाको सेन्टूल कन्टूयाक्ट गर्दा खेलाडीहरुसंग सल्लाह गर्ने पनि बताए। क्यानले ज्ञानेन्द्र मल्ललाई कप्तान र दीपेन्द्र सिंह ऐरीलाई उपकप्तानबाट हटाउनुका साथै उनीहरु दुईसहित सोमपाल कामी र कमल सिंह ऐरीलाई सेन्टूल कन्ट्र्याक्टबाट हटाउने निर्णय गरेको थियो। सँगै कप्तानको जिम्मेवारी सन्दीप लामिछानेलाई दिएको थियो। यो विषयले खेलाडी र क्यानबीच विवाद बढेको थियो।

## मछिन्द्र एएफसी कपमा छनोट

गत सिजन लिग जितेर पनि एएफसी कप छनोट खेल्न नपाएको मछिन्द्र फुटबल क्लब यसै वर्ष हुने एएफसी कप क्वालिफायरका लागि छनोट भएको छ। जारी ए डिभिजन लिग अन्तर्गत आइतबार भएको सातौ चरणको खेलमा नेपाल पुलिस क्लबलाई १-० ले पराजित गर्दै एएफसी कपमा छानिएको हो। सातौं चरणपछि शीर्ष स्थानमा रहने क्लबले एएफसी खेल्न पाउने प्रावधान अनुसार मछिन्द्र ७ खेलबाट १७ अंक जोडेर शीर्ष स्थानमा रह्यो। अघिल्लो दिन ब्रिगेड ब्वाइज क्लबलाई पराजित गर्दै शीर्ष स्थानमा उक्लेर सम्भावना कायम राखेको थियो। त्यसैले मछिन्द्रका लागि पुलिस विरुद्धको खेल जित्नैपर्ने बाध्यता थियो। यस्तोमा सुनिल बलले गरेको गोलमा मछिन्द्र विजयी भयो। मनाङ १६ अंकसहित दोस्रो स्थानमा रह्यो। पाचौं चरणमा मछिन्द्रले मनाङलाई हराएर शीर्ष स्थानमा उक्लिएको थियो। अघिल्लो सिजन च्याम्पियन भएपनि एएफसी क्लब लाइसेन्स नभएकाले मछिन्द्रले एएफसी कप क्वालिफायर खेल्ने अवसर गुमाएको थियो। यसपटक भने मछिन्द्रसँगै आर्मी, मनाङ र एपीएफले क्लब लाइसेन्स पाएका थिए। यी चार क्लबमध्येमा अगाडि रहँदै मछिन्द्रले एएफसी कप छनोट खेल्ने अवसर पाएको हो। निर्णायक खेलमा मछिन्द्रका लागि सुनीलले २१औं मिनेटमा विशाल राईको फ्रिकिकमा हेडमार्फत गोल गरे। जारी लिगमा ५ गोल गरेका सुनील सर्वाधिक गोलकर्ता हुन्। पहिलो हाफमा मछिन्द्रले गोलका अरु दुई अवसर पनि बनाएको थियो। तर पुलिसका गोलकिपर सत्रुघन चौधरीले बचाए। ४३ औं मिनेटमा विशाल राईले पेनाल्टी बक्सबाट हानेको शक्तिशाली प्रहार गोलकिपर सत्रुघनले बचाए। यस्तै पहिलो हाफको ईन्जुरी टाइममा सुनील बलले हानेको लङ सट पनि सत्रुघनले पन्च गर्दै बचाए। ६८ औं मिनेटमा मछिन्द्रका मनिष डाँगीले पुलिसका गोलकिपरलाई बिट गर्दै सेकेण्ड बार च्यापेर हानेको प्रहार पोष्ट बाहिर गयो। ६९ औं मिनेटमा अनमार्क रहेका पुलिसका कप्तान राम वाजीले पेनाल्टी बक्सभित्रबाट हानेको प्रहार आकाशिँदा पुलिसले मौका गुमायो। ७५ औं मिनेटमा पुलिसले खेल बराबरी गर्ने राम्रो अवसर गुमायो। पुलिसका सुमन लामाले करिब २५ यार्डबाट हानेको फ्रिकिक पोष्टमा लागेर फर्किएपछि मछिन्द्र भाग्यमानी बन्यो। ७८ औं मिनेटमा मछिन्द्रका कप्तान सुजल श्रेष्ठले करिब ३५ यार्डबाट हानेको प्रहार पुलिसका गोलकिपर सत्रुघनले पन्च गर्दै बचाए। बेन्चबाट खेल सुरु गरेका नियमित कप्तान सुजल श्रेष्ठ दोस्रो हाफमा मनिष डाँगीको स्थानमा मैदान प्रवेश गरेका थिए। डिफेण्डरद्वय छिरिङ गुरुङ र करिम ओमालाजा भने डबल येल्लो कार्डका कारण पुलिसविरुद्ध टिममा थिएनन्। उनीहरुको सट्टा दिलेन लोक्तान र भारतीय खेलाडी सोनाम जाङ्गपो भुटियाले पहिलो रोजाईमा खेलेका थिए। भुटियाले ए डिभिजन लिगमा डेब्यु समेत गरे। सातौं चरणसम्म अपराजित रहेको मछिन्द्रले उपाधि होडसमेत बलियो बनाएको छ। यसअघि एनआरटी, जावलाखेल, हिमालयन शेर्पा र मनाङ मर्स्याङ्दीलाई हराएको मछिन्द्रले आर्मी र संकटासंग गोलरहित बराबरी खेलेको थियो। मछिन्द्रले अब लिगमा एपीएफ, बिग्रेड, फ्रेण्ड्स, सातदोबाटो, च्यासल र थ्री स्टारसंग खेल्न बाँकी छ।

## मेयर कप तेक्वान्दोको उपाधि वागमतीलाई

आयोजक बाग्मती प्रदेशले प्रथम राष्ट्रिय मेयर कप तेक्वान्दो प्रतियोगिताको उपाधि जितेको छ। बाग्मती ६ स्वर्ण, २ रजत र ९ कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो। शनिबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको प्रतियोगितामा ५ स्वर्ण, ३ रजत र ४ कांस्य जितेको लुम्बिनी प्रदेश दोश्रो भयो। तेश्रो स्थानमा चित्त बुझाएको नेपाल आर्मीले ५ स्वर्ण, २ रजत र ७ कांस्य हात पार्‍यो। प्रतियोगिताको पुरुषमा लुम्बिनीका सपन थापा तथा महिलामा बाग्मतीकी स्वस्तिका महर्जन उत्कृष्ट खेलाडी घोषित भए। विजेतालाई काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्य, आयोजक बाग्मती प्रदेश तेक्वान्दो संघका अध्यक्ष केशव पुरीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। दुईदिने प्रतियोगितामा ११ टिमका ३ सय ३० खेलाडीले विभिन्न २४ स्पर्धामा प्रतिस्पर्धा गरेका थिए।

## राष्ट्रिय भारोत्तोलन पुस २७ गतेदेखि हुने

नेपाल भारोत्तोलन संघको आयोजनामा २४औं पुरुष तथा ९ औं महिला राष्ट्रिय भाराेत्तोलन प्रतियोगिता पुस २७ गतेदेखि हुने भएको छ। प्रतियोगिता तीन विभागीय टोली नेपाल आर्मी, नेपाल प्रहरी र एपीएफसहित विभिन्न २० जिल्लाका गरी जम्मा २३ टिमको सहभागिता रहने आयोजक संघका अध्यक्ष रामकृष्ण श्रेष्ठ (बोस) ले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। करिब २ सय खेलाडी सहभागी हुने छन्। जुनियर/सिनियर तथा युथ पुरुष/महिलातर्फ विभिन्न ४० तौलसमूहमा प्रतिस्पर्धा हुने छ। सहभागी टोलीको खाना, बसोवास र यातायात खर्च आयोजक संघले व्यहोर्ने छ। तीनदिने प्रतियोगिताका खेलहरु मध्यपुर थिमी नगरपालिकाको थिमी बैंक्युटमा हुने छ। अध्यक्ष श्रेष्ठले कोभिड-१९ का कारण लामो समयदेखि हुन नसकेको प्रतियोगितालाई सम्बन्धित सबैको साथ र सहयोगले सफल हुने विश्वास व्यक्त गरे।

## नेपालका....

पछि पनि पार्टीका हरेक कार्यक्रममा राज्यको सम्पति दुरुपयोग गरेर पार्टीको तडक भडक गराउन सक्नेलाई मात्र प्रयोग गर्ने गरेका कारण नेपालको संघियताको ५ बर्षे कार्यकाल संकटपुर्ण कालमा नै समाप्त हुन लागेको देखिन्छ ।

संघियता नेपालको लागि नयाँ प्रयोग भएको व्यवस्था हो । यो व्यवस्थाले स्थानीय निकायका आम जनताको साथमा सरकारको प्रतिनिधित्व हुने जनप्रतिनिधिहरु छन् । उनिहरुले जनताको मर्म भावना र योजना ल्यायर जनताई जुन ठाउँमा समस्या छन् त्यही ठाउँमा तत्कालको तत्कालै सावधान खोज्ने कार्यहरु गर्ने योजना मुताविक नै संघ, प्रदेश, स्थानीय निकाय बनायको थियो । तर ५बर्ष बितिसक्दा नेपालका ७५३ स्थानीय निकायमा कुनैले पनि आफ्ना स्थानीय निकायमा रोजगार सृर्जना गरेर रोजगार दिने र आफ्ना निकायका नागरिकलाई अन्त जानवाट रोक्ने काम गर्न सकेनन् । जन प्रतिनिधिहरुले एक दुइवटा आफ्ना लागि काम राम्रै गरेका देखिन्छन् । स्थानीय बिकासका लागि आएको बजेटवाट आफ्नै नातेदार पर्ने भाइ, भतिज हरुको नाममा डोजर किनेर त्यही डोजर स्थानीय वाटो खन्न भाडामा लगाउने काम गरेका देखिन्छन् । जनतालाई नभए के भो त स्थानीय जनप्रतिनिधि हरुलाई त राम्रो भइ नै हाल्यो ।

यता नेपालको गरिवी, अभावको सुचाङमा अझै डरलाग्दो अवस्था बन्दै गएको छ ।

राज्यको स्रोत भने अस्वभाविक प्रशासनिक खर्च बढेर गयो जसको कारण स्थानीय रुपमा समेत दैनिक उपभोग्य बस्तुको अस्वभाविक महगी बढेर गरिवीमा बाचिरहेका मानिसहरुलाई झनै समस्यामा पारेको स्थानीयहरुको भनाई छ । माथिका यस्ता कारणहरुले गर्दा नेपालको संघियताले ल्याएको व्यवस्था पनि हात्ति आयो हात्ति आयो फुस्स भने उखान जस्तो मात्र हुन पुगेको छ ।

पुन: स्थानीय निर्वाचन नजिकिदै जादा पुराना पार्टी एमाले, काँग्रेस, राप्रपा, पछि थपियको माओवादी, संघिय समाजवादी, लगायत नयाँ दलहरुको चुनाव जित्ने र नयाँ छोटे राजा बन्ने योजनामा गाउँ, टोल, पालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका, प्रदेश संभासद, सघिय संसद पदको लागि जोड घटाउ र आ( आफ्ना रणनीतिहरु बनाईरहेको देखिन्छ ।

ति पुरानै खालका रणनीतिहरुले नेपाल देश र नेपाली जनताको जन जीविकामा महसुस हुनेगरी उल्लेखिय प्रगति हुने कुनै आधार देखिदैन ।

प्रगति हुन नसक्ने आधारहरु

चुनाव जित्ने पुरानै तरिका धन, डन र गनको प्रयोग गरेर गरिने चुनावको तरिका त्यो प्रयोग गर्ने प्रमुख शक्तिका नेताहरु ७० बर्ष उमेर समुहका र तिनले सञ्चालन गरेका पार्टीका कार्यकर्ता लगामका घोडा जस्ता मात्रै आफ्नै बुद्धि विवेक प्रयोग गर्न सक्ने नभएका र जो गफ लगायर ठेक्का, पट्टा, जुवाखाल, मिटर ब्याज, सहकारीको मालिक, बोडिङ सञ्चालक जस्ता काम गर्न सक्ने केन्द्रमा डन सञ्चालन गर्न सक्ने, गाउँ टोलमा दादागिरी देखाउन सक्ने ब्याक्तिहरुको सेन्डिकेटवाट कुनै असल आचारण ब्यवहार, योजना बनाउने बौद्धिक क्षमता भएका व्याक्तिहरुलाई उल्टै निरास बनाउने गरी कार्य गरेर पाखा लगाउने र घन, डन,गनको तागतमा राज्य चलाउने पार्टीहरुले गराउने चुनावले आउदो भविष्यमा पनि उस्तै विगत ५ बर्षमा गरेका बिकृति जस्तै काम दोहोऱ्याउने निश्चित प्राय देखिन्छ ।

त्यसैले नेपाल देशमा धेरै पटक धेरै थरी व्यवस्था फेरिए तर नेपालीहरुको आचरण व्यवहार फेरियन त्यो नफेरिनुको मुख्य कारण भनेको तिनै व्याक्तिहरु प्रजातन्त्र आउदा पनि शक्तिमा गणतन्त्र आउदा पनि शक्तिमा पटक पटक असफल भइसक्दा पनि धुमी फेरी तिनै सरकारमा पु ऱ्याउने जनता, पार्टीका कार्यकर्ता, सधै नैतिकता बिर्सने नेताहरुको देश नेपालमा व्यवस्था फेरेर कहिल्यै परिवर्तनको महसुस भएको छैन । त्यसैले परिवर्तन जनताले नै चाहेका छैनन् कि ! जनताले परिवर्तन चाहेको हो भने आउन लागेको स्थानीय, प्रदेश, संघको निर्वाचनमा पार्टी होइन व्याक्ति राम्रो छानेर स्थानीय, प्रदेश, संघमा पठाउनु पर्छ अनि मात्र परिवर्तनको आशा गर्नु मनासिव हुन्छ । नभए यस्तै असफलहरुको असफल यात्रामा साथ दिएर उनिहरुसँगै सति जान वाहेक अरु केही गर्न सकिदैन । जनता नै जनार्दन हुनुपर्छ । नभए यस्तै स्थानीय रुपमा अहिले देखिन थालेको संकट जस्तै देशै भोलिका दिनमा संकटमा फस्न सक्ने आशंकालाई नर्कान सकिदैन ।

## प्रहरी...

भरतपुर महानगरपालिकाकी मेयर हुन् । रेनुलाई प्रचण्डले राजनीतिमा अगाडि बढाउन लागेको सन्देश दिइसकेका छन् ।

प्रचण्डकी बुहारी विना मगरको नाम जनजाति युवा महिलाको पहिलो नम्बरमा छ । पूर्वखानेपानीमन्त्री समेत रहेकी विना मगर प्रत्यक्ष निर्वाचित सांसद पनि हुन् । माओवादीका कतिपय पति पत्नीको नाम केन्द्रीय सदस्यको सूचीमा छ । वर्षमान पुन र ओनसरी घर्तीमगर केन्द्रीय सदस्य चयन भएका छन् । देवेन्द्र पराजुली र कल्पना धमला पनि केन्द्रीय सदस्यको सूचीमा परेका छन् ।

माओवादीका केन्द्रीय सदस्य
जनजाति महिला
अमृता थापा
ओनसरी घर्ती
कमला रोक्का
कुमारी मोक्तान
ताराकुमारी घर्ती
दुर्गा जयन्ती राई
पार्वती थापा
शशी श्रेष्ठ
लक्ष्मी थापा
सोमती तमु
होमकुमारी खापुङ
सीता थेबे
मणि खुम्बु किराँती
पी घर्ती
लक्ष्मी पुन
मीना तामाङ
सरिता महर्जन
प्रतिमा श्रेष्ठ
उर्मिला लामा
लक्ष्मी गुरुङ
लालकुमारी पुन
माया बल
जनजाति युवा महिला
विना मगर
आर तामाङ
ममता ताजपुरिया
कमला दोङ
जनजाति पुरुषतर्फ केन्द्रीय सदस्य
अजम्बर राई काङमाङ
रामकुमार राई
मानबहादुर बुढामगर
जीतबहादुर योन्जन
दीपेन्द्रकुमार पुन
तुलाराम घर्तीमगर
राजकाजी गुरुङ
परशुराम तामाङ
हितबहादुर तामाङ
दिलिप प्रजापती
छक्कबहादुर लामा
जनजाति युवा
इन्द्र आङ्बो
हेमकुमार राई
डम्बर घर्तीमगर
नविन जिरेल
खुलातर्फका केन्द्रीय सदस्य
पुष्पकमल दाहाल प्रचण्ड
कृष्णबहादुर महरा
लिलामणि पोखरेल
सुरेशकुमार आले मगर
हितराज पाण्डे
हितबहादुर तामाङ
दिनानाथ शर्मा
पम्फा भुसाल
देव गुरुङ
अमर गुरुङ
देवेन्द्र पौडेल
पूर्णाकुमारी सुवेदी
महेन्द्र पासवान
हरिबोल गजुरेल
बामदेव क्षेत्री
रामकुमार शर्मा
रामेश्वर राय यादव
प्रल्हाद बुढाथोकी
तिलक शर्मा
खगराज भट्ट
माधव सापकोटा
युवराज दुलाल
लेखनाथ न्यौपाने
शालिकराम जमरकट्टेल
श्यामकुमार श्रेष्ठ
हरि दाहाल
महेश्वर दाहाल
हिमाल शर्मा
सन्तु दराई
कृष्ण सापकोटा
धर्मदत्त सापकोटा
मुक्ति प्रधान
गोपाल ठाकुर
जोखबहादुर बर्बरिया
राजु खड्का
प्रकाश पोखरेल
भरतकुमार शाह
अशोक भण्डल
युवराज भट्टराई
अजयशंकर नायक
ईश्वरी भट्टराई
सुनिल मानन्धर
सुदन किराँती
किरण राई
हेमराज भण्डारी
शुकबहादुर रोका
डोरप्रसाद उपाध्याय
कुलप्रसाद केसी
गणेशमान पुन
गजेन्द्र महत
महेन्द्रबहादुर शाही
रामदीप आचार्य
रामकुमार शर्मा
शक्तिबहादुर बस्नेत
टेकबहादुर बस्नेत
जर्नादन शर्मा
कालीबहादुर मल्ल
कृष्णध्वज खड्का
वर्षमान पुन
ओमनाथ ढुंगाना
गंगा कार्की
पुष्पविक्रम मल्ल
डिलाराम आचार्य
गोपी अछामी
श्रीराम ढकाल
खस आर्य समानुपातिकतर्फका केन्द्रीय सदस्य
नारायण दाहाल
सूर्य सुवेदी
धीरेन्द्र शर्मा
नरबहादुर बिष्ट
वसन्त शर्मा
केशव नेपाल
निर्मल आचार्य
जोखबहादुर महरा
देवराज रेग्मी
तारामान स्वाँर
देवराज रेग्मी
हरिराज अधिकारी
देवेन्द्र पराजुली
अच्युतम काफ्ले
दलित महिलातर्फ केन्द्रीय सदस्य
अञ्जना विशंखे
सुशिला श्रीपाइली
सीता बौडेल
मानकुमारी नेपाली
सीता नेपाली
धनमाया विक
लक्ष्मी विक
शान्ति नेपाली
गीता गहतराज
दुर्गाकुमारी बिक
पम्फा बसेल
दलित युवा महिला
पार्वती विक
दलित पुरुष
विष्णुबहादुर बिक
यमबहादुर परियार
जगत पार्की
दलित युवा
सुबोध श्रीपाइली
खस आर्यतर्फ महिला
आशा कोइराला
सीता पोखरेल
कल्पना धमला
गङ्गा बेल्बासे
देवी खड्का
धर्मशिला चापागाईं
दामा शर्मा
रेणु चन्द
रेनु दाहाल
सत्या पहाडी
लक्ष्मी न्यौपाने
कुन्ती जोशी
समिता कार्की
टीका बुढाथोकी
गोमा कुँवर
कालिका चलाउने
मुक्तिना गौतम
हरिमाया शर्मा
मुक्ति चौलागाईं

## पुस...

उनको योगदानको सम्मान गर्दै सबै जनताप्रति उनले देशलाई दिएको योगदानको बारेमा जागरुक बनाउन पर्ने समय आएको बताए । नेपाली कांग्रेसका नेता बिपिन कोइरालाले राष्ट्रिय विभूती, राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको चर्चा गर्दै विदेशीको हातमा पर्न नदिएर देशलाई जोगाएको स्मरण गराए । उनले भने, 'देशलाई अंग्रेजको हातमा पर्न नदिएर टुक्रा-टुक्रा राज्यलाई जोडेर पृथ्वीनारायण शाहले देश एकिकरण गर्नुभएको हो।' नेता कोइरालाले आजकै दिन बिपी कोइरालाले मेलमिलापको नीति लिएर नेपाल भित्रिएको स्मरण गराए । आजको दिन बिपीको मेलमिलाप नीति र पृथ्वीनारायण शाहको कार्यक्रमको समय जुर्दा आफु निकै खुशी भएको सुनाए । पृथ्वी नारायण शाहको राष्ट्रिय एकता र बिपीको मेलमिलापको नीतिको धेरै समानता भएको उनको भनाई थियो । देश रहेमात्र नेपाली रहने भन्दै उनले राजसंस्थाले मात्रै राष्ट्रको अभिभावकत्व लिन सक्ने जिकिर गरे । उनले भने, 'राष्ट्रपति त दलको लागि मात्रै हो । हामीले २ राष्ट्रपति भोगिसकेका छौ ।' वीपीको सिद्धान्तबाट कांग्रेस पछि हटेको समेत उनले आरोप लगाए । सबै राजनीतिक दलहरुलाई कसैलाई निधेष नगरी राष्ट्रिय एकतामा लाग्न उनले आग्रह गरे । सन्तुलित परराष्ट्र नीतिलाई प्राथमिकतामा राखेनौ भने देशको अवस्था बिग्रने उनको भनाई थियो । परिषद्का काठमाडौं उपत्यका संयोजक दिनेश नापितले राष्ट्र बनाउने एकमात्र व्यक्ति भनेको राष्ट्रपिता पृथ्वीनारायण शाह नै भएको जिकिर गरे । एमसीसीलाई पास गर्न दिन नहुने उनको भनाई थियो । उनले भने, 'प्रधानमन्त्री शेरबहादुर देउवा सरकारले पुस २७ गते सार्वजनिक विदा नदिए देउवाकै घरमा खुर्पा लिएर भएपनि बिद्रोह गर्ने दिन नओस् । कुनै हालतमा बिदा दिनै पर्छ ।' राजनीतिक विश्लेषक प्रा.डा.सुरेन्द्र केसीले पृथ्वीनारायण शाहको जन्म र एकता दिवसको आयोजना जुटाएकोमा खुशी लागेको बताए । पृथ्वी नारायण शाह, एकिकरण र एकताको शब्द एकआपसमा जोडिएको उनका भनाई थियो । यो राष्ट्रिय विषयको रुपमा उठिरहेको पनि उनले बताए । पुस २७ गते एकता दिवस मनाउनु पर्छ भन्ने नेताहरु नै धेरै पटक मन्त्री भएको तर मन्त्री भएपछि सबै बिर्सिएको आरोप लगाए । उनले भने, 'मुख्य कुरा दिवस भन्दा पनि मर्म र त्यसले दिएको सन्देश हो । त्यसले दिने संकोचलाई जनमानसमा लान नसकेको कारण आज देशको अवस्था यस्तो भएको छ ।' कुनै पनि मानिस मानिस नभई राजनीतिक दलको पहिला हुनेमा दुःख लाग्ने बताउँदै भने,' हरेक कुरालाई सामाजिकीकरण गर्नुहुँदैनथ्यो ।

सबै दलमा मात्र देखिए ।

# अन्तराष्ट्रिय समाचार

## सुडानका प्रधानमन्त्रीले दिए राजीनामा

काठमाडौं । सुडानका प्रधानमन्त्रीले राजीनामा दिएका छन् । नागरिक शासन बहाल गर्न माग गर्दै प्रदर्शन चर्किएपछि प्रधानमन्त्री अबदल्ला हामदोकले राजीनामा दिएका हुन् । टेलिभिजनमार्फत् देशवासीलाई सम्बोधन गर्दै प्रधानमन्त्री हामदोकले राजीनामा घोषणा गरेका छन् । देशलाई अप्ठ्यारो अवस्थामा फस्नबाट जोगाउन आफूले सक्दो प्रयास गरेको तर सहमतिमा पुग्न नसकेको बताउँदै उनले भने, 'मैले जिम्मेवारी फिर्ता गर्ने निर्णय गरेको छु र प्रधानमन्त्रीको रुपमा मेरो राजीनामा घोषणा गरेको छु ।' सुडान एक 'खतरनाक मोड'मा रहेको बताउँदै उनले संक्रमणकालीन अवधिको बाँकी कामहरु पूरा गर्न मद्दत गर्ने बताएका छन् ।

गत अक्टोबर महिनामा सेनाले कु गर्दै सत्ता कब्जा गरेपछि हामदोकलाई नजरबन्दमा राखेको थियो । त्यसपछि केही हप्ता अगाडि मात्रै उनलाई सेनाले प्रधानमन्त्रीमा पुनरबहाली गरेको थियो । तर सेनासँग सम्झौता गरी पुनः प्रधानमन्त्री बनेको भन्दै उनको विरोध हुँदै आएको थियो ।

सुडानका नागरिकहरुले सेनासँगको सम्झौता नमान्ने र पूर्ण नागरिक शासन बहाल हुनुपर्ने माग गर्दै आएका थिए । उक्त प्रदर्शनको क्रममा दुई जनाको मृत्यु भएको थियो । प्रदर्शन रोक्ने उद्देश्यले सरकारले हालै राजधानी खार्तुममा इन्टरनेट सेवामा रोक समेत लगाएको थियो ।

## दक्षिण अफ्रिकाको संसद भवनमा आगलागी

दक्षिण अफ्रिकाको संसद् भवनमा आगलागी भएको छ । आगो नियन्त्रणमा लिइएपछि घटनाको छानबिन सुरु गरिएको त्यहाँका राष्ट्रपतिले बताएका छन् । देशको सबैभन्दा पुरानो र दोस्रो ठूलो सहर केपटाउनमा रहेको दक्षिण अफ्रिकी संसद् भवनमा आइतबार आगलागी भएको थियो । आगलागीको समयमा संसद चलिरहेको थिएन । सुरक्षाका लागि गठित केपटाउन मेयर कमिटीका सदस्य जेपी स्मिथका अनुसार आगलागीका कारण पुरानो एसेम्बली हलको छत खसेको छ र पुरानो चेम्बरमा पनि धेरै क्षति पुगेको छ ।

अधिकारीहरुले भवनमा ठूलाठूला चिरा परेको देखिएको र यो चिन्ताको विषय रहेको बताएका छन् । क्षतिको पूर्ण विवरण भने आइनसकेको बीबीसीले जनाएको छ । 'अग्नि नियन्त्रण उपकरणले राम्रोसँग काम गरेन' आगलागीबाट संसद्को सभा हलबाट सुरु भएको थियो । आगलागीको कारण अहिलेसम्म यकिन हुन सकेको छैन । सुरक्षाको पर्याप्त प्रबन्ध गरिएको संसद भवनमा जडान गरिएको फायर अलार्मले राम्रोसँग काम नगरेको बताइएको छ ।

आगलागी हुनु अगाडि नै फायर अलार्म बज्नुपर्ने थियो तर बजेन ।

जहाँ आगो लागेको छ, त्यहाँ १२ वटा फायर फाइटिङ उपकरण जडान गरिएको छ । कर्मचारीहरुका अनुसार अलार्म सिस्टम बज्नुभन्दा अगाडि नै आगो लागिसकेको थियो । त्यसपछि मात्रै कर्मचारीहरु घटनास्थलमा पुगेका थिए । यसबाट थाहा हुन्छ अलार्म सिस्टमले ढिलो काम गरेको थियो ।

घटनास्थलको स्थलगत अवलोकन गर्दै राष्ट्रपति सिरिल रामापोसाले भवनमा जडान गरिएका अग्नि नियन्त्रण उपकरणले राम्रोसँग काम नगरेको पत्रकारहरुलाई जानकारी दिए । उनका अनुसार स्प्रिङ्कलरबाट पानी आएको थिएन भने चेतावनीस्वरुप बज्ने अलार्म पनि बजेको थिएन । यद्यपि अग्नि नियन्त्रक टोली ६ मिनेटभित्रै घटनास्थल पुगेर आगो नियन्त्रणमा लिएको भन्दै राष्ट्रपति रामापोसाले उनीहरुको प्रशंसा गरे । 'समयमै कर्मचारीहरु नपुगेको भए नेशनल एसेम्बली खरानी हुन्थ्यो,' राष्ट्रपति रामापोसाले कर्मचारीहरुको प्रशंसा गर्दै भने ।

अग्निनियन्त्रक, स्वयंसेवक, सुरक्षाकर्मीलगायतले भवनमा लागेको आगो नियन्त्रणमा लिएपछि छानबिन सुरु भएको छ । आगलागीबाट क्षतिग्रस्त संसद् भवन अगाडि पत्रकारहरूसँग कुराकानी गर्दै राष्ट्रपति रामापोसाले छानबिनका लागि सरोकारवाला उच्च अधिकारीहरूसहितको टोली परिचालन गरिसकिएको र दोषी पत्ता लगाई कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरे । संसद् भवनमा भएको आगलागीका बारेमा केही व्यक्तिमाथि प्रश्न उठेको र त्यसको उचित उत्तर खोजिने उनको भनाइ थियो । शंकास्पद एक व्यक्तिलाई हिरासतमा लिएर सोधपुछ गरिरहेको बीबीसीले जनाएको छ ।

## अमेरिकाले नयाँ प्रतिबन्ध लगाए सम्बन्ध टुट्ने पुटिनको चेतावनी

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले नयाँ प्रतिबन्ध लगाए अमेरिकासँगको सम्बन्ध पूर्णरूपमा टुट्ने चेतावनी दिएका छन् । बिहीबार अमेरिकी राष्ट्रपति जो बाइडेनसँग भएको टेलिफोन वार्ताका क्रममा पुटिनले युक्रेनलाई लिएर नयाँ प्रतिबन्ध लगाए अमेरिकासँगको सम्बन्ध पूर्णरूपमा टुट्ने चेतावनी दिएका हुन् । नयाँ प्रतिबन्ध लगाउने कार्य ठूलो गल्ती हुने पनि पुटिनको भनाइ थियो ।

झण्डै एक घण्टासम्म चलेको टेलिफोन वार्तामा बाइडेनले युक्रेनमाथि हुने हरेक खाले हस्तक्षेपलाई अमेरिका र उसका साझेदारले दृढतापूर्वक जवाफ दिने बताएका थिए । उनले पुटिनलाई कूटनीतिक समाधान खोज्नसमेत आग्रह गरेको बीबीसीले जनाएको छ । दुबै मुलुकबीच तनाव बढिरहेका बेला भएको उक्त वार्तामा पुटिन र बाइडेनले युक्रेनबारे छलफल गरेका थिए । तनाव घटाउने प्रयास स्वरुप रुसको आग्रहमा पछिल्लो वार्ता भएको हो । रुसले युक्रेनको सीमानजिक एक लाखभन्दा बढी सेना तैनाथ गरेको समाचार बाहिर आएपछि अमेरिकासहितका पश्चिमी मुलुकले युक्रेनमाथि नयाँ प्रतिबन्ध लगाउने चेतावनी दिइसकेका छन् ।

तर, तनाव कम गर्न दुबै राष्ट्रपतिले एक महिनाको अवधिमा दुई पटक संवाद गरिसकेका छन् । बीबीसीबाट

## दक्षिण सुडानको सुनखानीमा दुर्घटना हुँदा ३८ मजदुरको मृत्यु

दक्षिण सुडानमा सुनखानीमा भएको दुर्घटनामा परी त्यहाँ कार्यरत कम्तीमा ३८ जना खानी मजदुरको ज्यान गएको छ । सो खानीमा परी अरू पनि केही व्यक्ति घाइते भएका छन् । दक्षिण सुडानको पश्चिमी क्षेत्र वेस्ट कोर्दाफानमा रहेको सो खानीमा अकस्मात विस्फोट भएको थियो । खानीमा अकस्मात बिस्फोट भएको र त्यसपछि भत्किएको थियो ।

त्यसमा परेर ३८ जनाको ज्यान गएको प्रहरीले पुष्टि गरेको छ । प्रहरीले सो खानी असुरक्षित रहेको भन्दै त्यसलाई सञ्चालन नगर्न भनिएको भए पनि सञ्चालनमा ल्याएका कारण यस्तो दुर्घटना भएको बताएको छ ।

# कथा : नमुना

प्रवीण तुम्बापो

नमुना त टार्जनसँग पोइला गई रे !

आ, सानी छे अलिकपछि धोका दिन्छे ।

नमुनाको पेटमा एक महीनाको बच्चा छ रे !

मलाई त पहिलादेखि नै थाहा थियो ।

यस्तै यस्तै प्रमाणित र अप्रमाणित कुराहरू हसनपुरको घर-घर, चोक-चोकमा फैलियो, जब नमुना आफ्नो उमेरभन्दा तीनगुणा बढीको टार्जनसँग टाप कसेकी थिई । पूर्वी नेपालको हसनपुर गाउँ नाम जस्तै सुन्दर र रमाइलो थियो । गाउँको छेउमा एकनासले बगिरहने ठूलीखोला अझै सुन्दरता थप्दै बगिरहेछ ।

राजमानटार, हसनपुर गाउँभन्दा पारिको गाउँ । जो सदियौंदेखि हसनपुर गाउँलाई एकनासले कुनै युवतीले शृंगारको बेला ऐना हेरे झैं हेरिराख्या छ । राजमानटार आठ घरले बनेको बस्ती हो । बस्तीभन्दा सीधै माथि नाक ठोक्किने अक्करे भीर छ ।

घर मूलबाटो छेउमा भएकाले, जहाँ गए पनि बीरेदाइको घर भएर जानुपर्थ्यो । चाउचाउ, बिस्कुट, मिठाई र लोकल रूपमा उत्पादन हुने रक्सीदेखि टाढाबाट सवार हुने बियर, भोड्का र रम समेत बीरेदाइको पसलमा पाइन्थ्यो ।

ब्राह्मण, क्षेत्री, जनजाति र दलितहरूको बसोबास भएको हसनपुर । मानिसको जात अनुसारको उपस्थिति हेर्दा खिचडी जस्तै छ । यसै समाजको सदस्य हुन् रूपमती र वीरबहादुर । नमुना उनीहरूकै प्यारी छोरी ।

गाउँमा नमुनालाई धेरै तरिकाले चिनिन्थ्यो । रूपमती र वीरबहादुरको एकमात्र सन्तान, हसनपुरको राम्री र प्यारी किशोरी । अझ गाउँकै असल, ज्ञानी र आज्ञाकारी छोरी ।

नमुना हसनपुरका किशोरमाझ प्रिय थिई । दुईभन्दा बढी किशोरहरूको भेट हुनेबित्तिकै नमुनाको चर्चा गर्थे । नमुनाबारे गफ निकाल्थे । प्रायः गफ उसको रूप र कार्यप्रति केन्द्रित हुन्थ्यो । कोही किशोरले नमुनासँग बोले मात्र पनि संसार जित्या जस्तै ठान्थ्यो ।

वीरबहादुरलाई गाउँमा धेरैले बीरेदाइ भनेर बोलाउँथे । वीरेदाइले घरमा सानो पसल राख्या थिए । घर मूलबाटो छेउमा भएकाले, जहाँ गए पनि बीरेदाइको घर भएर जानुपर्थ्यो । चाउचाउ, बिस्कुट, मिठाई र लोकल रूपमा उत्पादन हुने रक्सीदेखि टाढाबाट सवार हुने बियर, भोड्का र रम समेत बीरेदाइको पसलमा पाइन्थ्यो । सबभन्दा खुशी ती मनुवाहरू थिए, जो दिनभर क्यारेम खेलेर समयको भरपूर सदुपयोग गर्थे र साँझ झ्याप भएर घर फर्कन्थे । धेरैले वीरेदाइको घर पुगेपछि नयाँ खबर थाहा पाउँथे । एक तरिकाले भन्ने हो भने वीरेदाइको घर गाउँको लागि अघोषित सूचना केन्द्र जस्तै थियो । आउँदा समाचार लिएर आउने, जाँदा अर्को समाचार लिएर जाने । गाउँमा एकदिन नौला मान्छेहरू आए, बीरेदाइसँग गफगाफ गरेर पारि राजमानटार हान्निए । केही दिनपछि उही मान्छेहरू आए गफगाफ गरेर फर्के । ती नौला मान्छेहरू फर्केको दिनबाट गाउँभरि हल्ला चल्यो 'राजमानटारको बस्ती उठ्ने रे, त्यहाँ सिमेन्ट कम्पनी आउने रे !'

यो अपुष्ट खबर एक कान दुई कान गर्दै पूरै गाउँभरि फैलियो । शुरूमा मानिसलाई विश्वास लागेको थिएन । यो अक्करे भीरमा कहाँ होला र सिमेन्ट ? प्रायः सबैको मनमा यो प्रश्न हुन्थ्यो, कतिले भन्थे कतिले मन भित्र राख्थे । तर जब राजमानटारको जमीन सुनको मूल्यमा बिक्री भयो र राजमानटारवासी बसाइँ सर्न सुरसार गर्न थाले तब सबै शंका दूर भए, सबै विश्वस्त भए ।



वीरेदाइले नि अनुरोध गरे जग्गा किनिदिन तर कम्पनीलाई हसनपुरको जग्गा आवश्यक नभएकाले वीरेदाइको जग्गा बिक्री भएन । उता राजमानटारमा घरजग्गा कम्पनीले किनेपछि, जमानटारवासीहरूले आफूसँग भएको अन्न र पशुपन्छी पनि बेच्न थाले र नयाँ वासस्थानको लागि तराईमा ठाउँ खोज्न थाले । राजमानटारका बासिन्दाहरूले बेच्न मिल्ने बेचे र दिन मिल्ने छिमेकी र आफन्तहरूलाई दिए ।

स्थायी रूपमा राजमानटार छाड्नु अघि राजमानटारवासीले एकअर्कालाई खाना खुवाए, सुख-दुःखका कुरा गरे । बीरेदाइले नि राजमानटारका छिमेकीहरूलाई बसाइँ सर्नुअघि सबैलाई एक छाक खाना दिए ।

राजमानटार खाली भएको केही समयपछि गाउँमा मोटर बाटो खन्न डोजर आयो । पहिला बाटो भएको र ऐलानी जग्गामा डोजर हिंड्न कुनै समस्या थिएन तर जब व्यक्तिको जग्गा र घर छेउबाट बाटो लैजानुपर्थ्यो तब समस्या नै समस्याको थुप्रो हुन्थ्यो । त्यो समस्या भित्र सबैको आ-आफ्नो स्वार्थ, सोच हुन्थ्यो । यति मात्र नभएर राजनीतिक दलका स्वार्थ र माग समेत हुन्थे । यसले गर्दा हसनपुरमा साना( ठूला विवाद र झगडा हुनथाल्यो । यी विवाद र झगडाले गर्दा मोटर बाटो खन्न निम्ति एउटा समिति नै जन्माउनु पर्‍यो ।

वेदप्रसाद ठटाल समितिको अध्यक्ष भए, बाँकी जग्गावालाहरूबाट मान्छे अनुसारको पद दिएर समितिलाई पूर्ण बनाए । समितिमा सबभन्दा छट्टु र चतुर वेदप्रसाद नै थिए । आफ्ना नजिकका मान्छेहरूलाई सजिलोको लागि समितिमा राख्या थिए । समितिमा बहुमत भएपछि आफ्नो र आफ्ना मान्छेहरूको अनुकूल मोटर बाटो खन्न लगाए साथै केही राम्रो रकम पनि हिनामिना गर्न सफल भए । जे होस् समितिको आदेश, स्थानीयहरूको अनुरोध र जग्गाधनीहरूको इशारामा थुप्रै पहाड र पहरा फोर्दै टार्जनले वीरेदाइको आँगनसम्म बाटो पुर्‍याए । कालो वर्ण, हल्का कपाल फुलेको, आँखा मुनि हल्का कालो दाग र छोटो कदको डोजर ड्राइभर टार्जन कुनै साउथ इन्डियन फिल्मको भिलेन जस्तो देखिन्थ्यो । टाढाबाट हेर्दा नै डोजर डूाइभर जस्तो देखिने टार्जनको घर रामेछाप जिल्लामा हो । करीब एक दशक भन्दा बढी डोजर चलाएका टार्जन, डोजर चलाएर आफ्नो र परिवारको जीविका चलाउँथे । डोजर चलाएर नेपालको धेरै ठाउँ पुगेको टार्जन, आफ्नो ठेकेदारले डोजर चलाउन हसनपुर पठाएका थिए । टार्जनको खान र बस्नको लागि कम्पनीले जन्तरे साहुकोमा बन्दोबस्त मिलाएको थियो । दिनभर डोजर चलाउने टार्जन साँझतिर वीरेदाइको पसलमा एक-दुई प्याक रक्सी खान्थे । डोजर चलाउन सिपालु भएको कारण टार्जनको गाउँमा धेरैले प्रशंसा गर्थे । शुरूमा हसनपुरका तमाम बेरोजगारहरूका लागि डोजर रमिता र टाइम पास गर्ने गतिलो साधन भा'थियो । रमिता हेर्नेहरूको भीडले गर्दा टार्जनको शान यति बढेको थियो कि रमिताको बजार लाग्ने बित्तिकै टार्जनले थप जोश र जाँगरका साथ डोजर अनेक स्टाइलमा चलाउने गर्थे ।

शुरूमा नौलो मान्छे, त्यसपछि डोजर अनि ट्याक्टर गाउँमा आयो । नौलो मान्छेहरूले ठाउँ हेर्दै आए, डोजरले बाटो बनाउँदै आयो । हसनपुर गाउँ नि सडकमय बन्यो । डोजर डूाइभर टार्जन उमेरले पैंतालीस बसन्त पार गर्‍या, ट्याक्टर डूाइभर लालसिंह २२ वर्षको । टार्जनको काम गाउँमा सडक खन्ने थियो भने लालसिंहको काम सदरमुकामबाट तेल र ग्याबिन ल्याउनेदेखि सडक मर्मतका लागि ढुंगा ओसार्नु थियो । तेल र ग्याबिन लिन बजार जानुपर्ने भएकाले उसको घुलमिल किशोरकिशोरी र युवायुवतीसँग बढी हुन्थ्यो । दिनभर गाउँमा डोजर चलाउनुपर्ने भएकाले टार्जनको चिनजान प्रायः केटाकेटी र बूढाबूढीसँग बढी थियो ।

गाउँभरि लालसिंह र सामनाको हल्ला चल्नु र नमुना नि मोबाइलमा बढी व्यस्त हुन थालेपछि नमुनाको मोबाइल उसका बाउआमाबाट जफत भयो । उनीहरूलाई पीर थियो आफ्नो छोरीको पनि सामनाको जस्तो कथा सुन्नु पर्ला भनेर ।

दिनमा प्रायः सँगै नभेटिने यी दुई जना साँझतिर वीरेदाइको पसलमा कहिलेकाहीं सँगै भेटिन्थे । खासमा यी दुई जनाको कुरा मिल्दैनथ्यो । एकले अर्कालाई मान्छे नै गन्दैनथे । मौका मिल्यो कि एकले अर्काको कुरा काट्न अगाडि बढ्थे । एकअर्काको पोल खोल्न आतुर हुन्थे, नराम्रो कुरा अरूलाई सुनाउथे । गाउँमा जतासुकै र वीरेदाइको घरबाट जति नै टाढा डोजरको काम भए पनि हरेक साँझ टार्जन वीरेदाइको पसलमा रक्सी खान पुग्थे, कहिलेकाहीं मातेर लालसिंह यस्तो उस्तो भनेर कुरा गर्थे ।

रक्सी खाने बानीका कारण टार्जनको हरेक साँझ वीरेदाइको पसलमा बित्न थाल्यो । साँझ मात्र देखा पर्ने टार्जन कहिलेकाहीं दिनमा नि देखा पर्थे । हुँदाहुँदा कहिलेकाहीं वीरेदाइ र टार्जन रातभर रक्सी र मासु खाँदै गफ गरेर बस्थे । यसरी साँझ, दिन र रात वीरेदाइको घरमा बित्न थाले पछि टार्जन र नमुनासँग सामीप्यता विस्तारै तिहार पछि जाडो बढे झैं हल्का हल्का गर्दै बढ्न थाल्यो ।

कम्पनीमा नयाँ कर्मचारी आउन थाले, नयाँ कर्मचारीहरूको आगमनसँगै वीरेदाइको व्यापारको ग्राफ ह्वात्तै बढ्यो । कर्मचारीहरू पसलमा आउँथे, कोही धुवाँ उडाउँथे, कोही रक्सी पिउँथे । धेरै कर्मचारीहरूलाई नमुनाको मन्द मुस्कानले लोभ्याएको थियो । हल्का मन्द मुस्कान सहित नम्र भाषामा बोल्ने नमुना, अलि अलि गर्दै टार्जनसँग बाक्लो कुरा गर्न थाली । कुरै कुरा टार्जन र नमुनाले एकअर्काको मनसम्म जाने कच्ची बाटो खनी सक्या रहेछन् । जुन कुरा न वीरेदाइलाई थाहा भो न अघोषित सूचना केन्द्रमा नै हल्ला भो ।

बरू एक दिन अचानक टार्जनले वीरेदाइको घरमा एउटा ब्रेकिंग न्यूज दियो( लालसिंह र डाँडाघरे सामनाको लभ पर्‍या छ ।' यो खबर सुनेपछि सब जना छक्क परे । 'जात मिल्छ, मन मिले के फरक पर्छ ?' वेदप्रसादले उल्टै सोधे । टार्जनले फेरि अर्को कुराको खुलासा गरे 'लालसिंहको घरमा बूढी र एक छोरी छ ।' टार्जनको कुरा भुइँमा खस्न नपाउँदै त्यहाँ भएका मान्छेहरूले यो खबर घर घरमा पुर्‍याए र गाउँलाई एकैछिनमा लालसिंह र सामनामय बनाए ।

गाउँभरि लालसिंह र सामनाको हल्ला चल्नु र नमुना नि मोबाइलमा बढी व्यस्त हुन थालेपछि नमुनाको मोबाइल उसका बाउआमाबाट जफत भयो । उनीहरूलाई पीर थियो आफ्नो छोरीको पनि सामनाको जस्तो कथा सुन्नु पर्ला भनेर । मोबाइल नभए पनि टार्जन र नमुनाको सम्बन्धमा खासै अवरोध आएन ।

उनीहरूको सम्बन्ध यसरी चलेको थियो कि वीरेदाइ र रूपमती भाउजूलाई नमुना र टार्जन कुरा गर्दा कहिल्यै शंका गरेनन् । शंका गर्ने वातावरण पनि थिएन, कहिलेकाहीं टार्जन आफैंले नमुनालाई पढ्नुपर्छ भनेर अर्ति(उपदेश दिन्थे । बरू उनीहरूले हल्ला सुन्या थिए नमुना त पारि टारगाउँको उपेन्द्रसँग कुरा गर्छे, उपेन्द्रको प्रेममा छे । स्कूल र गाउँमा नि गाइँगुइँ हल्ला चलेको थियो । उनीहरूले सोचे छोरी उपेन्द्रसँग मोबाइलमा कुरा गर्छे ।


नमुनासँग मोबाइल नभए पनि स्कूल जाँदा, घर आउँदा बाटोमा टार्जनसँग भेटेर कुरा गर्थी । कहिलेकाहीं स्कूल छुट्टी भएपछि बरबोटे चौतारामा टार्जनलाई कुरेर दुवै जना सँगै घर जान्थे । बरबोटे चौतारादेखि वीरेदाइको घर जंगल नै जंगलको बाटो करीब आधा घण्टा लाग्थ्यो । आधा घण्टाको यात्राभरि एकअर्कासँग जिस्केर हिंड्थे । तेल र ग्याबिन लिन बजार जानुपर्ने भएकाले लालसिंह र सामनाको भेट साँझ कि राति मात्र हुन्थ्यो । एक रात सामनाको दाइ भक्ते खेतमा पानी लगाएर आउँदै गर्दा अँध्यारोमा केही चले जस्तो देख्यो, शुरूमा त डरायो, भूतहरूको अनेक कथा सुनेको हुनाले, भूत होला भनेर सास मारेर विस्तारै हिंड्यो । नजिक पुग्दा त अम्मा हाउ आफ्नो बहिनी र लालसिंह पो प्रेममा मस्त रहेछन् । यस घटनापछि रातारात गाउँमा पञ्च भलाद्मी बसे, लुकी चोरी माया लाएर दुर्गन्ध फैलाएर हिंड्नु भन्दा आफ्नो बाटो लाग्नू जाती भन्दै लालसिंह र सामनालाई गाउँ छाड्न पञ्च भलाद्मीहरूले निर्णय सुनाए ।

लालसिंहको तर्फबाट बोल्ने कोही थिएन । उसको आश एकै कम्पनीमा काम गरेकाले टार्जनसँग थियो तर टार्जन पनि चूप बसेका थिए । लालसिंह यहीं बस्ने, यहीं बिहे गर्ने र कम्पनीमा काम गर्ने विचारमा थिए तर उसले भन्न सकेन आफ्नो प्रस्ताव र लास्टमा पञ्च भलाद्मीको आदेश अनुसार कुम्लो( कुटुरो लिएर सामना सहित आफ्नो बाटो लागे । लालसिंह र सामनालाई पुर्याउन गाउँका रोजन, लक्ष्मण लगायतका केटाहरू बजारसम्म गए । केटाहरू माँझ बस चढ्नु अघि लालसिंहले आफ्नो नोकरी गएको पीडा सहित भविष्यवाणी गर्‍यो- 'चाँडै टार्जनको पनि मेरो भन्दा खतरा हाल हुनेछ ।'

यसैबीच गाउँमा अचानक नमुनाको एउटा गोप्य मोबाइल भएको र टार्जनसँग गहिरो प्रेममा भएको हल्ला आयो । यो हल्ला होइन सत्य हो भनेर कतिले ठोकुवा गरे, नमुना र टार्जनलाई धेरै ठाउँमा सँगै भेट्टाएको दाबी गरे । अर्का थरीका मान्छेहरू यो सब हल्ला मात्र हो उसको उपेन्द्रसँग प्रेम छ भन्थे । विस्तारै नमुना र टार्जनको माया गाउँमा देखिन थाल्यो । मायाको गन्ध चल्न थाल्यो, यति मात्र नभएर कतिले उनीहरूलाई बरबोटे चौतारामुनिको जंगलमा प्रेमिल अवस्थामा देखेका थिए । देख्ने र सुन्ने जतिले वीरेदाइ र रूपमती भाउजूलाई नमुना र टार्जनको कुराहरू सुनाए तर उनीहरूले एकरत्ति नि विश्वास गरेनन् यो कुरा । नमुनाका आफन्तहरूले सम्झाए, कतिले कराए पनि, जति गर्दा नि नमुनाले आफ्नो प्रेम कहानी स्वीकार गरिनन्, आफू आजसम्म कसैको प्रेममा नभएको भन्थी । किशोर-किशोरी माझ भाइरल भएको टार्जन र नमुनाको प्रेम कथा एक्कासी ब्रेकिंग न्यूजमा परिणत भयो । जब टार्जन र नमुना हसनपुरबाट एक्कासी बेपत्ता भए । टार्जन उमेरले पाको र आफ्नो भन्दा नि छोराको बिहे गर्ने बेला भएको मान्छे । अर्को कुरा नमुना भर्खर पन्ध्र वर्षमा पाइला राख्दै गरेकी र उसको उमेरको उपेन्द्रसँग हल्का हिमचिम भएको । यही कारण धेरैलाई विश्वास गर्न गाह्रो भएको थियो । शंका र उपशंकाबीच बीरेदाइको घरमा आफन्तहरूको भेला हुन थाल्यो । वीरेदाइ र रूपमती भाउजू अँध्यारो मुख लिएर टार्जनको मोबाइल नम्बर डाइल गर्दैथिए ।

नमुना र टार्जनसँगै बेपत्ता भएपछि आफन्तहरू नमुनासँग रिसाए । हसनपुरवासी सत्यतथ्य बुझ्ने हेतुले वीरेदाइको घरमा आए । सबैले भागे भनेर शंका गरे । त्यो शंका त्यति खेर सत्यमा बदलियो जब डोजर सहयोगी पेम्बाले उनीहरू राजीखुशी बिहान करीब तीन बजे गाउँ छाडेको भने । धेरै कुराको बेमेल र आफन्तहरूको असहमति बीच नमुनाले प्रेमको नमुना पेश गर्दै गाउँबाट टार्जनसँग सुटुक्क बेपत्ता भई । गाउँमा केटाहरूले विभिन्न समूह बनाएर सम्भावित र शंकास्पद ठाउँ र नजिकको मोटर बाटोसम्म खोजी गरे ।

जहाँ जहाँ हुनसक्ने अनुमान लगाएका थिए, त्यहाँ नमुना र टार्जनको छायाँसम्म भेटेनन् । यी कथाहरू क्रमशः हराउँदै गए, जसरी हसनपुरबाट दुई जोडी मान्छे हराएका थिए ।



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८



# यी १० कार कम्पनीले बढाउँदैछन् मूल्य



मारुति सुजुकी, टोयोटा, स्कोडा तथा टाटा जस्ता कैयन कार निर्माता कम्पनीहरुले सन् २०२२ देखि कारको मूल्य बढाउने घोषणा गरिसकेका छन्। जसका कारण उपभोक्ताहरुका लागि कार खरिद गर्नका लागि अझै बढी पैसा जम्मा गर्नुपर्ने देखिएको छ।

भारतीय कम्पनीहरुले कारको मूल्य बढाएपछि नेपालमा पनि यसको असर देखिनेछ। कारको मूल्य बढाउनुको कारण कम्पनीहरुले एक्सचेञ्ज रेटमा आएको उतारचढाव तथा कच्चा पदार्थको बढ्दो खर्चका कारण मूल्य बढाउनु परेको बताएका छन्।



मारुति सुजुकी

मारुति सुजुकीले सन् २०२२ को जनवरीदेखि नै मूल्य बढाउने निर्णय गरिसकेको छ। जसअनुसार कम्पनीको मारुति एरिना तथा नेक्सा मोडलको मूल्य बढ्नेछ।

तर मोडल अनुसार मूल्य पनि फरक पर्नेछ। कम्पनीले २०२१ मै तीन पटक मूल्य बढाइसकेको छ। कम्पनीले पहिलो पटक जनवरीमा दोस्रो पटक अप्रेल र तेस्रो पटक सेप्टेम्बरमा कारको मूल्य बढाइसकेको छ।

होन्डा

होन्डा कम्पनीले पनि नयाँ वर्षको शुरुवात जनवरी महिना मै मूल्य बढाउने भएको छ। कम्पनीले कच्चा पदार्थको मूल्यमा भएको वृद्धि र कमोडिटीको खर्चमा अध्ययन गरेपछि मूल्य बढाउने निर्णय गरेको बताएको छ। कम्पनीले सबै मोडलका कारको मूल्य बढाउने निर्णय गरिसकेको छ।

टाटा मोटर्स

टाटा मोटर्सले पनि सन् २०२२ मा कारको पूरै पोर्टपोलियोको मूल्य बढाउने घोषणा गरिसकेको छ। जसमा कमर्सियल र प्यासेन्जर भेहिकल पनि छन्। टाटाले कमर्सियल भेहिकलको मूल्य २.५ प्रतिशत बढाएको छ। साथै कम्पनीले इलेक्ट्रिक तथा आइसीआई पावर्ड तथा नयाँ सार्वजनिक भएको टाटा पञ्चको पनि मूल्य बढ्नेछ। साथै प्यासेन्जर भेहिकलको मूल्य कतिले बढाउन लागिएको हो अझैसम्म जानकारी सार्वजनिक गरिएको छैन।

रेनो

रेनो गाडीको मूल्य पनि सन् २०२२ को जनवरीदेखि बढाउने संकेत गरेको छ। रेनोसँग हाल ४ वटा मोडल छन्। जसमा क्विड, ट्राइबर, किगर र डस्टर छन्।

टोयोटा

टोयोटाले जनवरी महिनादेखि मूल्य बढाउने संकेत गरेको छ। जसमा सबै मोडलको मूल्य बढ्नेछ। तर मोडलअनुसार मूल्यमा भने फरक आउनेछ।

हाल टोयोटासँग इनोवा क्रिस्टा, फर्च्युन तथा बैज इन्जिनियर अर्बन क्रुजर तथा ग्लैजा मोडल छन्।

स्कोडा

स्कोडाका मोडलहरु कुशाक, अक्टेविया तथा सुपर्वको मूल्य जनवरी २०२२ देखि ३ प्रतिशतले बढ्नेछ। कम्पनीले सन् २०२१ मा एक पटकमात्रै मूल्य बढाउने समेत बताएको छ।

भक्सवागन

भक्सवागनले सन् २०२२ जनवरी १ तारिखदेखि पोलो, वेन्टो तथा ताइगुनको मूल्य २ देखि ५ प्रतिशतसम्मले बढाउने भएको छ। तर, कम्पनीले अहिलेसम्म मोडल अनुसारको मूल्य भने सार्वजनिक गरेको छैन। तर हालै सार्वजनिक भएको भक्सवागन टाइगुन फेसलिफ्टको भने मूल्य बढ्ने छैन।

सिट्रोजेन

भारतको एक मात्रै मोडल सीफाइभ एयरक्रासको एक्स शोरुम मूल्यमा ३ प्रतिशतले बढ्नेछ। यो २ महिनामा दोस्रो पटक मूल्य बढाउन लागिएको हो। गत वर्ष नोभेम्बरमा कारको मूल्य बढाइएको थियो।

मर्सिडिज बेञ्च

मर्सिडिज बेञ्चले केही मोडलको मूल्य २ प्रतिशतले बढाउने घोषणा गरेको छ। यद्यपि कम्पनीले भनेको छ कि जुन ग्राहकहरुले एमवाई२०२१ मोडल बुक गरेका छन् उनीहरुको बुकिङ गरेकै मूल्यमा कार पाउनेछन्।

ओडी

ओडीले पनि आफ्नो पूरै मोडलको मूल्य ३ प्रतिशतले बढाउने घोषणा गरिसकेको छ। ओडीले पनि कच्चा पदार्थमा भएको मूल्य वृद्धिका कारण मूल्य बढाइएको स्पष्ट पारेको छ।







# पोखरामा टीभीएस रेडर सार्वजनिक

काठमाडौं। शंकर ग्रुप अन्तर्गतको जगदम्बा मोटर्स प्रालिले पोखरास्थित आफ्नै शोरुमबाट युवा लक्षित १ सय २५ सीसी श्रेणीको टीभीएस रेडर सार्वजनिक गरेको छ।




सप्तरंग ३ का गायक राम कृष्ण ढकाल, अनिल सिंह, प्रमोद खरेल, बद्री पंगेनी, गायिका मिलन नेवार र अस्मिता अधिकारी, हास्य कलाकार सन्दिप क्षेत्री लगायतको उपस्थितिमा रेडर सार्वजनिक गरिएको कम्पनीले जनाएको छ।

यस स्पोर्टी मोटरसाइकलमा एलसीडी डिजिटल स्पिडोमिटर, थ्रीभी आइटच स्टार्ट, एनिमलिस्टिक एलईडी हेडल्याम्प जस्ता फर्स्ट्-ईन-क्लास फिचर्सका

साथै फर्स्ट्-ईन-सेग्मेन्ट अन्डर सिट स्टोरेज जस्ता विशेषता रहेको कम्पनीको भनाइ छ।

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल,ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नेर बेला बालेको आगो वाहिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं। गर्नै परेमा भेन्टिलेसन खुला राखौं।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस